अनुमतिबेगर तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ ०७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 21 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४६

## विद्यार्थीहरूबाट पनि वन असुरक्षित

नरेश यादव, पर्सागढी, ६ माघ/

कोरोना सङ्क्रमणको कारण सरकारले माघ १५ गतेसम्म विद्यालय बन्द राखेको छ। यसबीच पर्सा जिल्लाका जङ्गलसँग जोडिएका विद्यार्थीहरूको दिनचर्या जङ्गल फँडानी गर्ने भएको छ।

बिहान विद्यार्थीहरू जङ्गल प्रवेश गर्ने र दाउरा, घाँस काटेर ल्याउने तथा काँचो रूख ढाल्ने कार्य गर्दैआएको वनकर्मीहरू बताउँछन्। सबडिभिजन वन कार्यालय, मधुवन मथवलका प्रमुख अनिल महतोले विद्यार्थीहरू जङ्गल प्रवेश गर्ने क्रम बढेको बताए । उनले विद्यार्थीहरू जङ्गलभित्र प्रवेश नगर्ने तर बाहिरको रूख, घाँस, दाउरा सङ्कलन गरेर ल्याउने क्रम पछिल्लो चरणमा बढेको बताए। उनले विद्यालय बन्द भएसँगै पर्सा जिल्लाको जङ्गल विद्यार्थीहरूबाट असुरक्षित भइरहेको बताए। विद्यार्थीहरूले प्रयोग गर्ने साइकल नियन्त्रणमा लिएर भाँच्न पनि नसकिएको विवशता उनले बताए ।


जङ्गलबाट दाउरा ल्याउँदै विद्यार्थीहरू । तस्वीरः प्रतीक

अन्य तस्करहरूको साइकल भाँचिदिने गरिएको र यसो गर्दा तस्करी नियन्त्रणमा सघाउ पुगेको उनको भनाइ छ। तर विद्यार्थी भएको कारण साइकल भाँच्दा अभिभावकबाट कुटिने भएकाले रोइ-कराई गर्छन., जसले साइकल सुरक्षित फिर्ता गर्नुपरेको उनले बताए ।

चीसो बढेसँगै पर्सा जिल्लाको जङ्गल फँडानी कम भए पनि तस्करहरू सक्रिय रहेको उनले बताए । चीसोको कारण अन्य मौसमको तुलना सुरक्षा गश्ती पनि पातलिएको र तस्करहरू पनि पहिलेजस्तो ठूलो सङ्ख्यामा जङ्गल प्रवेश गरेर वन फँडानी नगरेको उनले बताए । सबडिभिजन वन कार्यालयका प्रमुख महतोले दुई वर्षदेखि सरकारले ढलापडा रूख सङ्कलनमा रोक लगाएको र हालै मात्र खुला गरेकोले समुदायमा चीसोको बेला दाउरा वितरणमा समस्या भएको बताए। उनले बारा जिल्लाबाट ढलापडा काठ ल्याएर समुदायमा वितरण गरिएको बताए ।

सबैया साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष लखन साहले चीसो बढेसँगै जङ्गलसँग जोडिएको बस्तीबाट जङ्गल असुरक्षित भएको बताए। उनले वन गश्ती टोलीले ल्याउने दाउरा स्थानीयलाई वितरण गर्न दबाब बढेको र जङ्गल क्षेत्रमा स्थानीय प्रवेश गरेर घाँस, दाउरा सङ्कलन गर्ने गरेको बताए। अध्यक्ष साहले विद्यालय बन्द भएपछि जङ्गल विद्यार्थीहरूको कोपभाजन बनेको बताए । फुर्सदमा साइकल बोकेर विद्यार्थीहरू जङ्गल प्रवेश गर्छन् र काठ, दाउरा सङ्कलन गर्छन्। चीसोको कारण वनमा तस्करीको घटना कम भएको अध्यक्ष साहको भनाइ छ।

सबैया साझेदारी वन उपभोक्ता समिति अन्तर्गत वीरगंज महानगरपालिका वडा नं. २८, २९, ३१, ३२ र पर्सागढी नगरपालिका-३ र ४ पर्दछ।

## ज्यान जोखिममा पारेर किसानहरू बाली जोगाउँदै

प्रस, सेढवा, ६ माघ/


जङ्गली जनावरबाट बालीनाली जोगाउन रूखमा बनाइएको मचान र झुपडी । तस्वीरः ओमप्रकाश चौधरी

जङ्गल सीमासँग जोडिएका बस्तीका किसानहरू जङ्गली जनावरबाट बाली जोगाउन माघको चीसो जाडोमा पनि खेतमैं रातभरि जाग्राम बसिरहेका छन् ।

पर्साको पश्चिमी-उत्तरी क्षेत्रमा रहेको जीराभवानी गाउँपालिकाका सखुवनिया, हरैया, काठमाडौंटोल, शान्तिनगर तथा ठोरी गाउँपालिकाका क्षत्रीलाइन, गडुवालाइनलगायतका किसानहरू जङ्गली जनावरबाट पीडित छन्। पर्सा राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय जङ्गलबाट आएका हरिण, नीलगाई, घोडगधा, बँदेल, शाही, मयूरलगायत जनावरले किसानको बाली नष्ट गर्दै आएका जीराभवानी गापा-५ सखुवनियाका हलचल महतो थारूले बताए। दर्जनौं जङ्गली जनावरहरू समूहमा आएर गहुँ, आलु, तोरीलगायतका बालीमा क्षति पुर्‍याएको उनले बताए ।

जङ्गली जनावरहरूबाट बाली जोगाउन किसानहरूले रूखमा मचान तथा जमीनमैं झुपडी बनाइ बाली जोगाउन रातभर जाग्राम बस्ने गरेका छन्। दर्जनौं किसानले राति जङ्गली जनावरको बथान खेतमा आउँदा होहल्ला गर्ने तथा टिन ठटाउँदै धपाउने गरेको रामजनम महतोले बताए । टर्च र लौरो लिएर घुरको आगो ताप्दै ज्यान जोखिममा पारेर बाली जोगाउनुपरेको महतोले दुःखेसो पोखे । बाली नलगाउँ भने के खाने ? उनले चिन्ता गरे ।

ठोरी गापा-५ क्षत्रीलाइनका किसान बलराम कोर्मोचाले जङ्गली जनावरको आतङ्कबाट छुटकारा पाउन किसानहरूले सुर्तीबाली लगाउन थालेपछि सुर्ती बालीलाई बाँदरको समूहले क्षति पुर्‍याउन थालेको बताए ।

यसका अलावा विभिन्न जङ्गली जनावरले नखाए पनि तोरीलाई माडेर क्षति पुर्‍याउने गरेको कोर्मोचाले गुनासो गरे। निकुञ्जले विद्युतीय तारबार जडान गरे पनि जङ्गली जनावरहरू उफ्रेर खेतमा आई बाली क्षति गरिरहेका किसानहरूले गुनासो गरे ।

## माघ १४ गतेदेखि सर्वसाधारणलाई बुस्टर डोज

प्रस, वीरगंज, ६ माघ/

पर्सा जिल्लाका सर्वसाधारणलाई माघ १४ गतेदेखि कोरोनाविरुद्ध बुस्टर डोज दिइने स्वास्थ्य कार्यालय, पर्साका खोप अधिकृत जयमोद ठाकुरले बताएका छन् । अहिले फ्रन्टलाइनमा कार्यरत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, एम्बुलेन्सचालक, शववाहनचालक, वारुणयन्त्रचालक, सरसफाइकर्मीहरूलाई कोरोनाविरुद्धको बुस्टर डोज दिने कार्य भइरहेको उनले बताए ।

माघ ७ गते पर्सा जिल्लाका पत्रकारहरूलाई बुस्टर डोज नेपाल पत्रकार महासङ्घ, पर्सामा दिइने बताए ।

कोरोनाविरुद्धको दोस्रो मात्राको खोप लिएको छ महीना बितेकाहरूलाई बुस्टर डोज दिइने उनले जानकारी गराए । बुस्टर डोज लिनेहरूले दोस्रो मात्राको खोप लिएको ६ महीना नाघेको कार्डसहित तोकिएको केन्द्रमा जान उनले सुझाए ।

सर्वसाधारणहरूलाई माघ १४ गतेदेखि बुस्टर डोज दिने हुँदा सोही अनुसार सहभागिता जनाउन ठाकुरले आग्रह गरेका छन् ।


तस्वीरः फाइल/प्रतीक

## उच्च अदालत वीरगंज इजलासको सेवामा कटौती

प्रस, वीरगंज, ६ माघ/

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट



तस्वीरः फाइल

ओमिक्रोनको कारण उच्च अदालत जनकपुरको अस्थायी इजलास, वीरगंजले अति आवश्यकबाहेक अन्य सेवा केही दिनका लागि स्थगित गरेको छ ।

अदालतमा कार्यरत पाँचजना न्यायाधीश र २३ जना कर्मचारी कोरोना सङ्क्रमित भएपछि आजदेखि माघ १४ गतेसम्म सबै पेसी स्थगित गरिएको छ। भीड कम गर्न तथा सीमित जनशक्तिबाट मात्र सेवाप्रवाह गर्नुपर्ने भएकोले अन्य सेवामा कटौती गरेको अदालतले जनाएको छ ।

अदालतले बन्दी प्रत्यक्षीकरणको निवेदनको नियमित सुनवाइ गर्ने, अन्तरिम आदेशको छलफलसम्बन्धी कार्य गर्ने, एकल इजलासबाट हेर्ने निवेदनको प्रारम्भिक सुनवाइ गर्ने, मुद्दा फिर्ता, तामेली एवं मिलापत्रसम्बन्धी कामकारबाई गर्ने, म्याद थप, पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जीको स्वीकृति तथा अभियोगपत्र दर्ता, बयान र थुनछेकसम्बन्धी कार्य गर्ने अदालतले जनाएको छ ।

त्यसैगरी, निवेदन दर्ता गर्ने र तारेख दिनेलगायत कामकारबाई स्वास्थ्य सुरक्षाको निर्धारित मापदण्ड अनुसार गर्ने अदालत प्रशासनले जनाएको छ ।

## सखुवाप्रसौनीमा प्रमुख प्रशासकीय अधिकृतको विवाद यथावत्

प्रस, पचगावाँ, ६ माघ/

सखुवाप्रसौनी गाउँपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको विषयलाई लिएर अहिलेसम्म अन्योल छ। गापा अध्यक्ष प्रदीपकुमार जायसवालले जनस्वास्थ्य निरीक्षक भोजेन्द्रकुमार चौधरीलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर मन्त्रालयबाट स्वीकृति पत्र पनि ल्याएका थिए ।

गापा अध्यक्षले चौधरीलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी तोकिएको मन्त्रालयको पत्र ल्याएपछि गापा उपप्रमुख फूलमतीदेवी चौधरीको अध्यक्षतामा कात्तिक महीनामा विशेष गाउँसभा सम्पन्न भएको थियो । सो सभाले सिनियर अहेब, अधिकृत छैटौं तहका अधिकृत राजेशप्रसाद रौनियारलाई प्रमुख प्रशासकीय अधिकृत नआउन्जेल जिम्मेवारी वहन गर्न निर्णय गरेको र सङ्घीय मामिला तथा प्रशासन मन्त्रालयबाट अनुमोदन गराउन निर्णय गरेको थियो । विशेष गापाअध्यक्ष जयसवालसहित तीनजना वडाध्यक्ष अनुपस्थित थिए भने बीसजनाले निर्णय गरेका थिए ।

विशेषसभाले गरेको निर्णय कार्यान्वयन नभएको भनी सिनियर अधिकृत रौनियारले सर्वोच्च अदालतमा उत्प्रेषण मुद्दा दिएका थिए। सो सम्बन्धमा न्यायाधीश सुषमालता माथेमाको इजलासबाट मन्त्रालयको निर्णय कार्यान्वयन नगर्नू, यथास्थितिमा राख्नू भनी अन्तरिम आदेश जारी भएको थियो।

अहिले मन्त्रालयको पत्र अनुसार प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी स्वास्थ्य निरीक्षक चौधरीले नै वहन गर्दै आएका छन्। तर गापाको खाता मङ्सिर अन्तिमदेखि सञ्चालनमा छैन ।

सर्वोच्चको अन्तरिम आदेशको कारण प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी निर्वाह गरिरहेका चौधरीले आर्थिक गतिविधि गर्न पाएका छैनन् ।

अहिले डेढ महीनादेखि सखुवापरसौनी गापाको आर्थिक कारोबार ठप्प छ । प्रमुख प्रशासकीय अधिकृतको विवाद पनि यथावत् छ। जसले गर्दा सेवाग्राहीहरूलाई समस्या भएको छ।

## यातायात (लाइसेन्स) का ८० प्रतिशत कर्मचारी सङ्क्रमित

प्रस, वीरगंज, ६ माघ/

यातायात व्यवस्था कार्यालय (लाइसेन्स)मा कार्यरत ८० प्रतिशत कर्मचारी रुघाखोकी, ज्वरोले ग्रसित भएपछि लिखित ट्रायल परीक्षा स्थगित गरिएको छ ।

कार्यालयका अधिकृत कमल गौतमले ८० प्रतिशत कर्मचारी रुघाखोकी, ज्वरोले ग्रसित भएको कारण माघ ७ गतेदेखि एक साताको लागि लिखित ट्रायल परीक्षा स्थगित गरिएको बताए ।

उनले आन्तरिक कार्यबाहेक यी सेवाहरू एक साताको लागि बन्द गरिएको जानकारी गराए ।

## छोटकरी

### बिहीवार ५९ जना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, ६ माघ/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले बिहीवार ५९ जना सङ्क्रमित पुष्टि गरेको छ ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले ८६ जनाको पिसिआर परीक्षण गरिएकामा ५९ जना सङ्क्रमित पुष्टि भएको बताए। सङ्क्रमित हुनेमा १६ जना महिला र ४६ जना पुरुष छन् र उनीहरूको उमेर १४ देखि ६२ वर्षसम्म छ ।

बाराका सातजना, रौतहट, महोत्तरी, काठमाडौं, सिन्धुपाल्चोकका १/१ तथा पर्साका ४३ जना सङ्क्रमित पुष्टि भएको उनले बताए ।

### गरीबलाई कम्बल वितरण

प्रस, पोखरिया, ६ माघ/

पोखरिया नगरपालिका-४ बजारटोल र सतवरियाका गरीब, दलित, एकल महिला, ज्येष्ठ नागरिकहरूलाई कम्बल वितरण गरिएको छ ।

वडाध्यक्ष लछुमन साह कानूको अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य रामेश्वर रौनियार, वडासदस्य शम्भुसाह कानूलगायतले ७५ जना गरीब, दलित, एकल महिला, ज्येष्ठ नागरिकलाई कम्बल वितरण गरेका थिए ।

## विचारसार र सूक्तिहरू

सूर्य बन्न नसके पनि दियो बन, यो विचार नगर कि कसको घर उज्यालो भइरहेको छ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# नाम र राजधानी पाएपछि

**प्रदेश नं २ ले आफ्नो नाम र ठेगाना पाएको छ। संवैधानिक व्यवस्था अनुसार दुई तिहाइ बहुमतले प्रदेशको नाम 'मधेस' र राजधानी 'जनकपुर' पारित गरेको हो। प्रदेशसभा स्थापनापछि कहिल्यै जुटन नसकेको बहुमत यसपटक जुट्यो। स्थायी नाम र राजधानी तय गर्नुपर्ने निर्वाचित प्रदेश सरकारको महत्त्वपूर्ण दायित्व हो। पटक-पटक प्रयास गर्दा पनि दलीय सहमति नजुट्दा आवश्यक बहुमत पुग्न सकेको थिएन। यसले मुख्यमन्त्री लालबाबूराउत गद्दी नेतृत्वको प्रदेश सरकारका पदाधिकारीहरूमाथि अक्षमताको लोगो झुन्डिने थियो। यसपटक समिति नै गठन गरेर प्रदेशको नाम र राजधानी तय गर्नेबारे प्रदेश सरकारले पहल गऱ्यो। प्रदेशको सत्तामा सहभागी दलहरूबीच नै एकमत हुन नसकेपछि उक्त समितिले सहमति जुटाउन सकेन। अन्ततः राजनीतिक जोड घटाउको वातावरण यस्तो बन्यो कि, दुवै प्रस्तावमा दुई तिहाइभन्दा बढी मत जुट्यो। प्रदेश सरकारको लागि यो उल्लेखनीय सफलता हो।**

**नाम र राजधानी पारित भएपछि दुईतर्फी असन्तुष्टि पोखिँदै छ। राजधानीको सशक्त दाबेदार क्षेत्र वीरगंजबाट र मैथिल क्षेत्रबाट असन्तुष्टि आएका छन्। वीरगंज राजधानी हुनुपर्ने पक्षधरको माग आजको होइन, प्रदेशको रेखाङ्कन अवधिदेखिकै हो। वीरगंजले प्रारम्भमा राजधानी पाउने आस पक्कापक्की जस्तै रहे पनि अन्ततः निराश हुँदै गएको अवस्था थियो। मिथिलाञ्चलका पक्षधरहरूले 'मधेस' शब्दले मिथिलाञ्चलको पहिचानमाथि अतिक्रमण गऱ्यो भन्ने मत राखेका छन्। समग्र तराई क्षेत्रलाई 'मधेस' भनिनुपर्नेमा मध्य मधेस अर्थात् मिथिला-भोजपुरा क्षेत्रमा मात्रै मधेसलाई सीमित गर्दा शहीदको अपमान भयो भन्ने उनीहरूको तर्क छ। त्यसैगरी, सङ्घीयता निर्माणको क्रान्तिमा महत्त्वपूर्ण भूमिका निर्वाहा गरेको, प्रदेशको लागि आम्दानीको मुख्य स्रोत रहेको र राजधानी सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधारको विकास भइसकेको वीरगंजले प्रदेश राजधानी नपाउँदा शहीदको अवमूल्यन भएको वीरगंज पक्षधरको भनाइ छ। प्रदेशसभाको निर्णय पुनर्विचार हुनुपर्ने भन्दै यहाँ सर्वपक्षीय सङ्घर्ष समितिसमेत गठन भएको छ।**

**कुनै पनि कुरा पूर्ण हुँदैन, मानिस आफैं अधूरो प्राणी हो। जीवनको लागि नभई नहुने पानीलाई पनि आलोचनात्मक कोणबाट हेर्दा खोट देखिन्छ। कतिसम्म आलोचनात्मक कोणबाट हेर्ने, त्यो हेर्नेको विवेकमा भर पर्छ। भूगोलबाहेक अन्य पक्षबाट मूल्याङ्कन गर्दा जनकपुरभन्दा वीरगंज धेरै अगाडि छ। राजधानीका दाबेदार दुईतर्फ मात्रै रहँदा तीन जिल्लाका बासिन्दा वीरगंजको पक्षमा र बाँकी पाँच जिल्ला जनकपुरको पक्षमा देखिए। यसो हो भने अन्य पक्षलाई गौण राखेर भूगोललाई नै प्राथमिकता दिंदा सर्लाही-महोत्तरीको दोसाँधलाई राजधानी स्थलको रूपमा बहस चलाउन सक्नुपर्थ्यो। त्यसो भइदिएको भए प्रदेशमा वीरगंज र जनकपुरको अलावा अर्को एउटा शहर पनि स्थापना हुने थियो। यसतर्फ वीरगंजका बासिन्दाले पनि सोचेन। अबको पक्षीय आन्दोलन दलहरूको लाज पचाउने बाटो मात्रै हो कि जनआक्रोशलाई थुम्थुम्याउने चाल हो? पेशागत सञ्जालले पनि बुझेर मात्रै अगाडि बढ्नुपर्ने अवस्था छ। किनभने प्रदेशमा रहेका कुनै पनि राजनीतिक दलले वीरगंजको पक्षमा आजसम्म निर्णय गरेको छैन। तिनै राजनीतिक दलको ह्वीपभित्र बस्ने तिनका जनप्रतिनिधि र नेता, कार्यकर्ता हुन्।**

# मधेस आन्दोलनको मर्मविपरीत नामकरण

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


> **महन्थ ठाकुर तथा राजेन्द्र महतोलाई आठ जिल्लाकै नेता र त्यो पनि जातीय मान्यजन नै बन्नुछ भने अब १४ जिल्लाका मतदाता र आम जनतालाई रनभुल्लमा पार्ने प्रयास गर्ने छैनन् भन्ने अपेक्षा गर्न सकिन्छ। अब तराई-मधेसका जनताले उपरोक्त मधेसी मतका व्यापारीमाथि विश्वास गर्न छोड्नुपर्छ।**

प्रदेश नम्बर २ को प्रादेशिकसभाले दुईतिहाई बहुमतसहित प्रदेशको नामकरण गरेको छ। 'मधेस' प्रदेश नामकरणलाई कतिपयले ठूलो एवं ऐतिहासिक उपलब्धि मानेका छन् भने २० जिल्लाको मधेस प्रदेशलाई जाबो आठ जिल्लामा सङ्कुचित पारेर मधेसी जनता, शहीद तथा मधेसी राजनीतिका दिग्गज हस्ताक्षरहरूको सपनामाथि बज्रपात भएको टिप्पणी गर्नेहरू पनि धेरै छन्। 'धोती'को माग राख्दै आएकाहरूले 'लङ्गोटी'मैं सन्तुष्टि जनाएर हर्ष एवं उल्लास मनाउनुलाई कतिपयले नाङ्गिने अवस्थामा पुगिसकेकाहरूले लङ्गोटीलाई पनि ठूलो उपलब्धि मान्नु स्वाभाविक भएको टिप्पणी गरेका छन्। नेपालको राजनीतिमा सङ्घीयतालाई आफ्नो प्रमुख राजनीतिक मुद्दा बनाउँदै आएका मधेसी दलहरूले क्रमशः आफ्ना एकपछि अर्को राजनीतिक मुद्दालाई तिलाञ्जलि दिंदै समर्पणवादको पराकाष्ठासम्म पुगेका छन्।

नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष गजेन्द्रनारायण सिंह एवं तराई काङ्ग्रेसका संस्थापक महासचिव रामजनम तिवारीले पूर्वमा झापादेखि पश्चिममा कञ्चनपुरसम्म तथा भित्री मधेसका उदयपुर, सिन्धुली, मकवानपुर दक्षिण दाङ र सुर्खेतलाई समेत समेटेर मधेसको भूगोलको परिकल्पना गरेका थिए। भौगोलिक एवं सांस्कृतिक एकरूपता तथा रहनसहनलाई आधार मानेर नेपालमा पाँचवटा प्रदेशको परिकल्पना उनीहरूले गरेका थिए। उनले पूर्वी पहाड, पूर्वी तराई, काठमाडौं उपत्यका, पश्चिमी पहाड तथा पश्चिमी तराईको परिकल्पना गर्नुमा ती सबै प्रदेशहरूको स्थानीय स्रोत एवं साधनको अत्यधिक दोहन तथा उपयोग र त्यस क्षेत्रको द्रुत आर्थिक, सामाजिक एवं राजनीतिक विकासको चाहना अन्तर्निहित थियो। पहाडी प्रदेशहरूमा जलविद्युत्, पर्यटन, फलफूलको खेती, जडीबूटीको प्रवर्द्धन तथा उद्योग र तराई क्षेत्रमा कृषि एवं कलकारखानाको विकास भएमा सबै प्रदेश एक अर्कामा निर्भर हुने थिए अर्थात् अन्तर्निहित सम्बन्धको विकास एवं विस्तार पनि हुने थियो।

गजेन्द्रनारायण सिंह एवं रामजनम तिवारीको निधनपश्चात् नेपाल सद्भावना पार्टीका नेताहरूले निकै सङ्कुचित दायरामा समेटिए र आफ्ना केही गिन्तीका वफादारहरूको सुझाव-सल्लाहलाई मात्रै आधार मानेर राजनीति गर्न थाले, फलस्वरूप मधेसको राजनीतिमा शून्यता आउन थाल्यो। जनान्दोलन-२ को एउटा महत्त्वपूर्ण घटक दल नेसपा (आ) ले संसद् एवं सत्ताको उपयोग गर्न लागेको एक वर्षमैं आफूलाई कमजोर एवं जर्जर बनायो, जबकि बृहत् शान्ति सम्झौता, माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने, नागरिकता समस्याको समाधान, समावेशी संविधानसभाको निर्वाचन, अन्तरिम संविधान, गणतन्त्र स्थापनाको पूर्वाधार र नेपाललाई धर्म निरपेक्ष घोषित गराउन यसको भूमिका थियो। नेसपा (आ)भित्रको अन्तर्कलहले यस पार्टीलाई असामयिक पतनको कारक बनायो।

वामपन्थी पृष्ठभूमिका उपेन्द्र यादवले मधेसी राजनीतिमा वामपन्थी शैली उपयोग गरे। आत्मनिर्णयको अधिकारसहित समग्र मधेस एक प्रदेशको नारालाई उनले अघि सारे। नेकपा माओवादीको एक दशक लामो सशस्त्र सङ्घर्षमा आत्मनिर्णयको अधिकार शब्दले आम जनता र कार्यकर्ताहरूलाई पार्टीतिर तान्न चुम्बकको काम गरेको थियो। सोभियत सङ्घमा लेनिनको जमानामा उपयोग भएको यस शब्दको निहितार्थ चाहेको बखत देशबाट अलग भएर स्वतन्त्र अस्तित्वसहित बस्न पाउने अधिकारलाई नै आत्मनिर्णयको अधिकार भन्ने गरिन्छ। सोभियत सङ्घबाट उसका राज्यहरूले यसै अधिकारको उपयोग गरी टुक्रिएर छुट्टै अस्तित्व कायम गरे। प्रचण्डको यो नारा त झूटो साबित भइसकेको छ।

उपेन्द्र यादवले पनि तराई-मधेसका जनतालाई आफूतिर आकर्षित गर्न समग्र मधेस एक प्रदेशको नारा अघि सारे तथा मधेसी जनतालाई आत्मनिर्णयको अधिकार प्राप्त हुने आश्वासन बाँडे।

उपेन्द्र यादवको नेतृत्व तथा आन्दोलनको शैली उग्रवामपन्थी भएकोले यसले जनतालाई आकर्षित गर्ने काम गऱ्यो। उपेन्द्र यादव निकै कम समयमा मधेसको नायक भए। बिस्तारै-बिस्तारै उनलाई सबै जातिका मधेसीले नेता मान्न थाले। मधेस आन्दोलनलाई उचाइसम्म पुऱ्याउने काम पनि उनले गरे। उनको आह्वानमा भएको आन्दोलनमा मोरङ, सुनसरी, नवलपरासी, रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया र कैलालीका नागरिकले शहादत दिए। उनको पार्टी सङ्गठन पनि पूरै मधेसमय थियो तर जसरी सप्तरीदेखि पर्सासम्मका आठ जिल्लालाई मात्रै मधेस प्रदेश घोषणा गर्ने काम भएको छ त्यसले उपेन्द्र यादवलाई पनि ८ जिल्लाको मात्रै नेता बनाएको छ। आफूहरूले रिङ तोडेर भए पनि मधेस प्रदेश घोषणा गराएको दाबी गर्नु उपेन्द्र यादवको समर्पणवादी र पलायनवादी सोच हो। आफ्नो जनसमर्थन, समर्थक, मतदाता र शुभेच्छुकहरूको चाहनाको सम्मान गर्न उनी असफल साबित भएका छन्। आठ जिल्लाबाहेक मधेसीले उनलाई किन नेता मान्ने तथा आठ जिल्लाबाहेकका मधेसीको सामुदायिक पहिचान अब के हुने? भन्ने यक्ष प्रश्नको जवाफ पनि उनीसित छैन।

अब आएर उनले आठ जिल्लाको मधेस प्रदेशलाई नै आत्मनिर्णयको अधिकारको प्रयोग भएको बताएका छन्। यो उनको अल्पज्ञान हो कि उनले पूरै देशलाई मूर्ख ठानेका छन् त्यो बुझ्न सकिएन। नेपालका नेताहरू बेग्लै सिद्धान्त प्रतिपादन गर्ने गर्दछन् र जनताको टाउकोमाथि थोपर्ने गर्दछन्। जुन समय र परिस्थिति अनुसार बन्दै र बदलिंदै जान्छ।

प्रदेश नं. २ लाई मधेस प्रदेश घोषित गरिएकोमा सर्वाधिक खुशी जनाउने एक नेता राजेन्द्र महतो पनि हुन्। महन्थ ठाकुर तथा राजेन्द्र महतोलाई आठ जिल्लाकै नेता र त्यो पनि जातीय मान्यजन नै बन्नु थियो भने अब १४ जिल्लाका मतदाता र आम जनतालाई रनभुल्लमा पार्ने प्रयास गर्ने छैनन् भन्ने अपेक्षा गर्न सकिन्छ। अब तराई-मधेसका जनताले उपरोक्त मधेसी मतका व्यापारीमाथि विश्वास गर्न छोड्नुपर्छ।

पहिलो संविधानसभाको उपयोग संविधान निर्माणमा गर्नुको सट्टा मधेसी दलका सभासद्हरूले मन्त्री एवं कुर्सीका लागि मर्नु, तीनबाट तेऱ्ह पार्टीमा विभाजित हुनु, दुईतिहाई बहुमत हुँदा पनि संविधान निर्माण नगरी पहिलो संविधानसभा विघटन गर्ने निर्णय गर्नु, मधेस आन्दोलनको अपमान र जनादेशसित पनि मजाक थियो। दोस्रो संविधानसभामा पत्नी, नजीकका नातेदार, पारिवारिक सदस्य तथा आर्थिक चलखेलको आधारमा सभासद् छनोट गर्नु, माओवादीसित सहकार्य तोड्नु तथा संविधानसभाको उपयोग गर्न नसक्नु, विनासोचविचार ६ महीना आम जनजीवन ठप्प पार्नु तथा विनालिखित मौखिक सहमति आन्दोलन समाप्त गर्नु, संविधान जारी भएको एक साता पनि नबित्दै संविधान जारी गर्ने सुशील कोइरालाको पक्षमा मतदान गर्नु आदि गलतीहरूको जवाफ मधेसी दलहरूसित हुनै सक्दैन।

कालो संविधान घोषित गरेर संविधान जलाएको घटना बिर्सँदै २०७४ सालमा भएको स्थानीय तह, प्रादेशिकसभा तथा सङ्घीय संसद्को निर्वाचनमा भाग लिनु भनेको त चलचित्रका हास्य कलाकारहरूलाई पनि लज्जित पार्नु थियो। स्थानीय तहको वर्तमान संरचना नै सङ्घीयताको मूल्य-मान्यता एवं आदर्शविपरीत हो, यसमा सहभागिता जनाउनेले आफूलाई सङ्घीयता पक्षधर कसरी ठान्न सक्दछ? सङ्घीयता भनेको राज्यशक्तिको अधिकार-विभाजन हो, विना यसको प्रादेशिक संरचनालाई आत्मसात् गर्नु र निर्वाचनमा भाग लिनु महागलती थियो। अब ८ जिल्लाको मधेस प्रदेशमा रमाएर तपाईंहरूले सधैंको निम्ति प्रादेशिक संरचनाको हेरफेरसम्बन्धी महत्त्वपूर्ण मुद्दालाई तिलाञ्जलि दिई सक्नुभएको छ। पटक-पटक राष्ट्रिय सभाको निर्वाचनमा सहभागिता जनाएर तपाईंहरूले आफ्नो मुद्दालाई पनि विसर्जित गरिसक्नुभएको छ।

समावेशिता (समानुपातिक होइन) मा खस आर्य कोटालाई सहर्ष स्वीकार एवं आत्मसात् गरेर तपाईंहरू आफूलाई कति हदसम्म सामाजिक न्यायका पक्षधर हुनुहुन्छ त्यो पनि प्रमाणित गरिसक्नुभएको छ। नेपाली काङ्ग्रेसको महाधिवेशनमा प्रदेश २ बाट आनन्दप्रसाद ढुङ्गाना एवं रमेश रिजालजस्ता स्थापित नेताहरू तथा नेकपा माओवादी केन्द्रको महाधिवेशनमा प्रचण्ड परिवारका सदस्य खस आर्य कोटाबाट केन्द्रीय समितिमा आउनुको अर्थ आरक्षणको मजाक मात्र हो। आरक्षण भनेको त प्रतिस्पर्धा गर्न नसक्नेहरूको निम्ति हो। सार्वजनिक यातायातको बसमा व्यवस्था गरिएको आरक्षित सिटमा २५ वर्षको हट्टाकट्टा युवाले कब्जा जमाउनु भनेको आरक्षणको प्रावधानको उपेक्षा हो। प्रदेश नं. २ को सरकारमा जसपा, नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको पनि सहभागिता छ। प्रमुख प्रतिपक्षी लोकतान्त्रिक समाजवादी पार्टीको पनि यसमा सहमति र समर्थन छ। तसर्थ यो सबैको सहमति र समर्थनबाट नै मधेस प्रदेशको घोषणा भएको हो। असहमत दलले सरकारबाट बाहिरिएर यसको विरोध गर्दा त्यो राजनीतिक नैतिकता र लोकलाजको हिसाबले पनि उचित हुने थियो। विनाकारण मुख्यमन्त्री अथवा कुनै सांसदको घरमा तोडफोड गर्नु भनेको ती दलहरूको दोहोरो राजनीतिक मापदण्ड र अराजनीतिक चरित्रको प्रदर्शन हो। आठ जिल्लालाई मधेस प्रदेश घोषित गरेर मधेस आन्दोलनको अपमान भएको छ। तराईका प्रमुख औद्योगिक एवं आर्थिक नगरी वीरगंजको उपेक्षा गरेर राजधानी घोषणा गर्नु उचित भएन। तर पहिलोपटक जनकपुरलाई राजधानी बनाउने काम नेपाली काङ्ग्रेस नेतृत्वको सरकारबाट तथा सबै ठूला दलहरू एवं मधेसी दलसमेतको सहमतिमा भएको थियो भन्ने यथार्थ बिर्सनुहुँदैन।

# पचास प्रतिशतले लगाए कोभिड-१९ विरुद्ध पूर्ण खोप

– राजु विश्वकर्मा

जनकपुर, ६ माघ/रासस

मधेस प्रदेशमा हालसम्म ५० प्रतिशतले कोरोनाविरुद्ध पूर्ण (दोस्रो मात्रा) खोप लगाएका छन्। पछिल्लो दुई साताको अवधिमा मात्रै प्रदेशका जिल्लामा कोरोनाविरुद्ध खोप लगाउने दर करीब १२ प्रतिशतले बढेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

बढ्दै गएको कोरोना सङ्क्रमणको ग्राफ, खोपसम्बन्धी निरन्तर प्रचार-प्रसार र स्थानीय जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको सक्रियताका कारण पछिल्लो समय खोप लगाउने दर बढेको हो। पुस २५ सम्म दोस्रो मात्रा खोप लगाउने १८ वर्षमाथि उमेर समूहको सङ्ख्या ३८ प्रतिशतमात्र रहेकोमा पछिल्लो दुई साताको अवधिमा त्यो सङ्ख्या बढेर करीब ५० प्रतिशत पुगेको निर्देशनालयका निर्देशक विजय झाले जानकारी दिए।

उनका अनुसार पूर्ण खोप लगाउनेको सङ्ख्या सर्लाहीमा ६३.३, धनुषामा ५२.६, बारामा ५३.६, पर्सामा ५१.१, सप्तरीमा ४७.७, सिरहामा ४६.८, रौतहटमा ३९.६ र महोत्तरीमा ३६.६ प्रतिशत पुगेको छ। यस्तै १८ वर्षभन्दा माथि उमेर समूहका एक मात्रा खोप लगाउनेको सङ्ख्या भने करीब ५९ प्रतिशत छ। त्यसमध्ये सर्लाहीमा ७५, बारामा ७०, पर्सामा ६५, सिरहामा ६३, महोत्तरीमा ६९, धनुषामा ६४, सप्तरीमा ६१ र रौतहटमा ४५ प्रतिशत रहेको निर्देशक झाले बताए। उमेरका हिसाबले १८ वर्षभन्दा माथि उमेर समूहभन्दा १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकामा खोप लगाउनेको सङ्ख्या बढी छ। निर्देशक झाका अनुसार मधेस प्रदेशमा १२ देखि १७ वर्ष उमेर समूहका करीब ६२.२ प्रतिशतले खोप लगाइसकेका छन्। "यो सङ्ख्या प्रदेशगत हिसाबले तेस्रो हो"-उनले भने-"यसरी हेर्दा हामी बालबालिकालाई खोप लगाउनेमा तेस्रो प्रदेश भएका छौं। यसलाई अझै गति दिन निरन्तर प्रयास भइरहेको छ।"

सरकारले २०७८ पुस मसान्तभित्र ६६ प्रतिशत नागरिकलाई कोभिड- १९ विरुद्ध खोप लगाउने लक्ष्य लिएकोमा मधेस प्रदेशमा सो लक्ष्य पूरा हुन नसके पनि विगतभन्दा अहिले खोप लगाउनेको दरमा वृद्धि भएको जनाइएको छ।

यस्तै पुसको दोस्रो सातादेखि सङ्क्रमणको ग्राफ बिस्तारै बढ्दै जाँदा जोखिम पनि बढेको देखिएको छ। प्रदेशको आठवटै जिल्लामा हिजो एकै दिन २०० नयाँ सङ्क्रमित थपिएका छन्। निर्देशनालयका अनुसार पछिल्लो दुई दिनको अवधिमा प्रदेशमा ४०७ नयाँ सङ्क्रमित थपिएका छन्। हिजो एकैदिन प्रदेशभरि २०७ नयाँ सङ्क्रमित थपिंदा धनुषामा ९१, सप्तरीमा ६५, सिरहामा २६, सर्लाहीमा आठ, बारामा १७ जनामा सङ्क्रमण पुष्टि भएको थियो। यस अघि अस्ति मङ्गलवार एकै दिन सप्तरीमा ६३, धनुषामा ५१, सिरहामा ३३, बारामा १६, सर्लाहीमा दुई र सबैभन्दा कम पर्सामा एकजना गरी २०० नयाँ सङ्क्रमित

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## वीरगंज: प्रादेशिक राजधानी कि आर्थिक राजधानी ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**वीरगंजलाई उच्च प्राथमिकताका साथ ठूलो व्यापारिक शहरको रूपमा विकास गर्न आवश्यक छ। जनप्रतिनिधि, राजनीतिक दलका नेता एवं कार्यकर्ता, व्यवसायीहरू, सामाजिक अभियन्ता, बुद्धिजीवी सबैले वीरगंलाई ठूलो व्यापारिक शहर बनाउने अभियानको थालनी गर्नुपर्छ।**

गएको सोमवार (२०७८ साल माघ ३) तत्कालीन प्रदेश नम्बर दुईको प्रदेश सभाले प्रदेशको नाम 'मधेस प्रदेश' र राजधानी जनकपुरधाम कायम गरिएको घोषण गर्‍यो। प्रदेशसभामा २ नम्बर प्रदेशकोको नाम मधेस र यस प्रदेशको स्थायी राजधानी जनकपुरधाम तोक्ने भनी राखिएको प्रस्ताव दुईतिहाई बहुमतले पारित भएको थियो। उपस्थित ९९ प्रदेशसभा सदस्यहरूमध्ये ८० सदस्यले उक्त प्रस्तावको पक्षमा र १९ सदस्यले विपक्षमा मतदान गरेका थिए। हाल मधेस प्रदेश नामकरण गरिएको प्रदेश सभाको सदस्य सङ्ख्या १०३ छ। समाचारहरूमा उल्लेख भए अनुसार बारा र पर्साका सबै राजनीतिक दलका सांसदहरूले यस प्रदेशको राजधानी जनकपुरधाम होइन, वीरगंज राख्ने प्रस्ताव गरेका थिए।

प्रदेशसभाको उक्त घोषणासँगै प्रदेशले अब मधेस नामको कानूनी मान्यता पाएको छ। र जनकपुरधामले पनि राजधानीको रूपमा कानूनी परिचय पाएको छ। यो घोषणासँगै यो प्रदेशको नाम के राख्ने र यो प्रदेशको राजधानी कुन शहरलाई तोक्ने भन्ने विवादले बिट मारेको छ। सानो सानो राजनीतिक मुद्दामा अल्झेर आर्थिक विकासको मूल मुद्दा बिर्सिने हाम्रो प्रकृतिलाई थाती राखेर कुरा गर्ने हो भने अब प्रदेशको नाममा र प्रदेशको राजधानी राजनीतिक मुद्दा हुनेछैन। खिंचातानी हुनेछैन्। आशा गरौं।

मधेस प्रदेशको राजधानी जनकपुरधाम होइन वीरगंज होस् भनी चाहना राख्नेहरूको जमात पनि ठूलै थियो। प्रदेशसभाको यो निर्णयले त्यस्तो चाहना राख्ने त्यो जमातलाई निराश भने अवश्य पारेको छ। तर यहाँ विचारणीय पक्ष के छ भने वीरगंजलाई मधेस प्रदेशको राजधानी बनाउन खोज्नेहरूले वीरगंजलाई के कारणले राजधानी बनाउन खोजेका थिए, कारण प्रस्ट थिएन। वीरगंजलाई राजधानी बनाउन खोज्नुको पछाडि कुनै ठूलो आर्थिक योजना वा सोच थिएन। बरु भावनाका लहरहरू मात्र थिए। केही नेताहरूलाई राजनीतिक फाइदा र केही व्यक्तिलाई मनोवैज्ञानिक सन्तुष्टि प्राप्त हुने भएकोले वीरगंजलाई यस प्रदेशको राजधानी बनाउने अभियान उनीहरूले चलाएका थिए। र त्यो अभियानले चर्चा पाएको थियो।

देश, प्रदेश वा राज्यको राजधानी कस्ता शहरलाई बनाउने गरिएको छ। विकसित वा धनी राष्ट्रहरूले आफ्नो देश वा प्रान्तको राजधानी तोक्दा के के कुरालाई आधार मान्ने गरेका छन् एक छिन त्यसतर्फ विचार गरौं। राजधानी तोक्ने परम्पराको विश्लेषण गरौं।

देश वा प्रान्तको राजधानी कस्तो शहरलाई तोक्ने सन्दर्भमा अमेरिका, क्यानाडा र युरोपका विभिन्न देशको प्रचलन हेर्दा शहरलाई पहिलो, राजनीतिक शहर र दोस्रो औद्योगिक एवं व्यापारिक शहर भनेर छुट्याइएको देखिन्छ। राजनीतिक शहरहरूमा देश र प्रदेशको राजधानी हुन्छ। औद्योगिक एवं व्यापारिक शहरमा राजधानी राखिन्न। त्यस्ता शहरहरूमा औद्यौगिक एवं व्यापारिक विकासका लागि आवश्यक विभिन्न पूर्वाधार निर्माण गरिन्छ।

राजनीतिक शहरहरू तुलनात्मक रूपमा जनसङ्ख्याको हिसाबले साना हुन्छन्। ती शहरहरूमध्ये कुनै शहरलाई देश वा प्रदेशको राजधानी तोकिन्छ। ठूलो शहरलाई व्यापारिक वा औद्यौगिक शहरको रूपमा विकास गरेर त्यसलाई देश वा प्रदेश राजधानी बनाउने गरिँदैन। क्यानाडाको सन्दर्भमा कुरा गर्ने हो भने टोरन्टो क्यानाडाको सबैभन्दा ठूलो (जनसङ्ख्याको हिसाबले) शहर हो तर टोरन्टोलाई क्यानाडाको राजधनी कायम नगरेर तुलनात्मकरूपमा सानो शहर ओटाबालाई राजधनी कायम गरिएको छ। यस्तै स्थिति अमेरिकामा पनि देखिन्छ। अमेरिकाको सबैभन्दा ठूलो शहर (जनसङ्ख्याको आधारमा) न्युयोर्क सिटी, लस एन्जेलस, शिकागो आदिलाई अमेरिकाको राजधानी न तोकेर तुलनात्मकरूपमा सानो शहर वाशिंगटन डिसीलाई तोकिएको छ। अमेरिका, युरोपको प्रचलन हेर्दा राजधानी शहरलाई राजनीतिक शहरको रूपमा विकास गरेर प्रशासनिक हिसाबले आवश्यक पर्ने अनेक पूर्वाधारको विकास गरिएको हुन्छ। ठूला–ठूला सभाभवन, आवासीय भवन, ठूला ठूला होटल आदि निर्माण गरिएको हुन्छ र त्यस्तो शहरको सुरक्षा व्यवस्था अति नै कडा पारिएको हुन्छ।

व्यापारिक शहरहरूमा भने उद्योग एवं व्यवसाय सञ्चालन गर्न आवश्यक अनेक पूर्वाधार निर्माण गरिन्छ। ठूला–ठूला विमानस्थल, विशाल गोदामघर, ठूला–ठूला रेल्वेस्टेशन, गगनचुम्बी घरहरू आदि निर्माण गरिएको हुन्छ। व्यापार एवं उद्योग सञ्चालन गर्न व्यापारीहरूलाई आवश्यक पर्ने स्रोत र साधनहरू व्यापारिक शहरहरूमा उपलब्ध गराइएको हुन्छ।

अब मधेस प्रदेशको राजधानी जनकपुरधाम तोकिएकोबारे चर्चा गरौं। वीरगंजलाई यस प्रदेशको राजधानी किन तोकिएन भन्नेबारे अनेक किसिमका मत मतान्तर हुन सक्छ। मत–मतान्तर हुनु पनि पर्छ। मत–मतान्तरले गर्दा वा 'वादे वादे जायते तत्त्वबोध' ले सही विचार उत्पन्न गर्न सकिन्छ।

अब वीरगंजलाई यस प्रदेशको राजधानी न बनाएर मुलुककै आर्थिक राजधानी बनाउन किन उपयुक्त छ त्यसबारे छोटो चर्चा गरौं।

वीरगंज शहरको स्थापना नै व्यापारिक शहरको रूपमा भएको हो। सोही अनुसार यहाँ अनेक पूर्वाधारको विकास भयो। काठमाडौंलाई नेपालका अन्य भागसँग जोड्ने पहिलो सडक– त्रिभुवन राजपथ, वीरगंजबाट नै विस्तार भएको थियो। र नेपाललाई भारतसँग जोड्ने पहिलो रेल सेवा पनि वीरगंजबाट नै विस्तार भएको थियो। कुनै पनि नेपालीले बाहिरी दुनियाँ हेर्नुपर्‍यो भने वीरगंज आएर, रक्सौल पुगी रेल चढ्नु पर्थ्यो, अनि उसले बाहिरी दुनियाँ देख्थ्यो।

सलाई कारखाना, कटन मिल, मोजा कारखाना, चिनी मिल, कृषि औजार कारखाना, राइस मिलजस्ता अनेक उद्योगको स्थापना पचासौं वर्ष पहिले वीरगंजामा भइसकेको थियो।

वीरगंजलाई आर्थिक राजधानी बनाउन आवश्यक पर्ने पूर्वाधारहरू पनि प्रशस्तै छन्। जस्तै विभिन्न वस्तुहरू भारत लगायत अन्य मुलुकमा निर्यात गर्न वीरगंजबाट नै सजिलो हुन्छ किनभने वीरगंजबाट भारतीय रेल सेवा (रक्सौल) ज्यादै नजीक छ। यसैगरी नेपालका ठूला बजारहरू जस्तै काठमाडौं, हेटौंडा, नारायणघाट, पोखरा, नेपालगंज वीरगंजबाट नजीक छन्। वीरगंजबाट ऊर्जा (पेट्रोलियम उत्पादन) प्राप्त गर्न सजिलो छ किनभने रक्सौल वीरगंजबाट नजीक छ। पेट्रोलियम पदार्थ ठूलो मात्रामा भारतबाट नेपाल आउँदा वीरगंज भएर नै आउँछ।

उपरोक्त विभिन्न तथ्यहरूको आधारमा वीरगंजलाई प्रदेशको राजधानी होइन, देशकै आर्थिक राजधानी बनाउनु उपयुक्त हुन्छ। वीरगंजलाई मधेस प्रदेशको राजधानी बनाएमा यस शहरमा अनेक किसिमका राजनीतिक समस्याहरू थपिने सम्भावना बढेर जान्छ। वीरगंजमा नारा, जुलुस, बन्द, हडताल, चक्का जाम, ब्लेक आउटजस्ता समस्याहरू देखा पर्न सक्छ। तर व्यापारिक शहरमा यस्ता कुरा हुँदैन किनभने यस्ता कार्यले व्यापारिक कार्यहरू अवरुद्ध हुन पुग्छन्। त्यस कारण व्यापारिक शहरहरू शान्त र स्थिर रहनु उपयुक्त हुन्छ। वीरगंज प्रदेशको राजधानी नहुनुले यो शहरलाई शान्त रहेर व्यापारिक गतिविधि बढाउन सजिलो हुन्छ।

वीरगंजको विकास व्यापारिक शहरको रूपमा भएको हो। र त्यो इतिहास अहिले पनि सुरक्षित छ। यस शहरलाई व्यापारिक शहरको रूपमा विकास गर्न केडिया, खेतान, लाठ, रूँगटा, सरावगी, चाचान, अग्रवालजस्ता परिवारले ठूलो योगदान पुर्‍याएका छन्। त्यसैगरी यो शहरलाई व्यापारिक शहर बनाउन पञ्जाबी समुदायको पनि ठूलो योगदान छ। हिमाञ्चल केबिन, अमृत केबिन, सुन्दर स्टोर आदिका सञ्चालकहरूको पनि ठूलो योगदान छ। यसैगरी अन्य परिवारहरू (जस्तै ठाकुर राम कलेज स्थापना गर्ने परिवार) को पनि ठूलो योगदान छ।

वीरगंज उच्च राजनीतिक चेतना भएको तर कारोबारी शहर हो। बेला बखत राजनीतिक चासो राखे तापनि वीरगंज बढी व्यापारमा केन्द्रित रहँदै आएको छ। वीरगंजलाई भारतको गुजरात राज्यसँग तुलना गर्न सकिन्छ। गुजरातीहरू बढी कारोबारी भएझैं वीरगंजवासी पनि कारोबार केन्द्रित छन्।

वीरगंजलाई अब उच्च प्राथमिकताका साथ एउटा ठूलो व्यापारिक शहरको रूपमा विकास गर्नेपट्टि लाग्न आवश्यक छ। जनप्रतिनिधि, राजनीतिक दलका नेता एवं कार्यकर्ता, व्यवसायीहरू, सामाजिक अभियन्ता, बुद्धिजीवीलगायत अन्य सबैले वीरगंलाई ठूलो व्यापारिक शहर बनाउने अभियानको थालनी गर्नुपर्छ। वीरगंजलाई एउटा ठूलो व्यापारिक शहरको रूपमा विकास गरेमा यस क्षेत्रका मानिसले रोजगारका लागि अबरको तातो मरुभूमिका जानुपर्दैन। यो शहरमा रोजगारका अनेक अवसर सृजना गर्ने क्षमता छ।

## अमलेखगंजमा मिनी सौराहा बनाइँदै
### लगानी गर्न उद्यमीलाई आह्वान

राधेश्याम पटेल, वीरगंज, ६ पुस/

नेपाल हाउजिङ एशोसिएशनका अध्यक्ष तथा सिमरास्थित होटल इच्छाका सञ्चालक इच्छाबहादुर बाग्लेले बाराको अमलेखगंजमा मिनी सौराहा बनाउने परिकल्पना अघि सारेका छन्। दुई वर्ष भित्र सौरहाजस्तै होटल तथा पर्यटन व्यवसाय प्रवर्द्धन गर्न उनले यस्तो योजना अघि बढाएको बताए। नेपालको पर्यटन प्रवर्द्धनमा प्रदेश २ र मध्य तराईका जिल्लालाई काठमाडौंसँग सम्पर्क जोड्न विभिन्न सुविधा थपिन लागेको हो। सिमरा–पथलैया–अमलेखगंज र निजगढ क्षेत्रमा लगानीको प्रचुर सम्भावना छ। त्यसमा पनि पर्सा राष्ट्रिय निकुञ्जकै काखमा पर्ने अमलेखगंजमा निकुञ्जकै हात्तीसार तथा जङ्गल सफारीको सुविधा समेत रहेकोले अमलेखगंज क्षेत्रमा होटल व्यवसायको लागि जग्गा भाडामा वा बिक्री गर्न पनि सम्झौता भइसकेको छ। उनले करीब ५ बिघा जग्गाका जग्गाधनीसँग सो क्षेत्रलाई मिनी सौराहाको अवधारणामा जग्गा बेचेर वा भाडामा लगाएर पूर्वाधार निर्माणको लागि कन्भिन्स गरिसकेको जानकारी दिए। "मैले थप ३०० कोठासहितको होटल तथा अन्य सुविधाहरू थप्न २० जनाभन्दा बढी लगानीकर्ताहरूसँग छलफल गरिरहेको छु"–उनले भने–"वीरगंज, बारा, जनकपुर, काठमाडौं, पोखरा, चितवनसमेतका व्यवसायीहरू उत्साहित हुनुहुन्छ, उहाँहरूले चाँडै लगानी गरी होटल खोल्ने भन्नुभएको छ।"




अमलेखगंजमा अहिले ७० देखि ८० लाख प्रतिकठ्ठामा जग्गा पाइरहेको छ। अर्थात् धुरको साढे ३ लाखदेखि ४ लाख सम्म। अमलेखगंज क्षेत्रमा ३०० कोठाको होटलमा सामूहिक लगानीमा स्वीमिङ पुल, लन्ड्री, रेस्टुरालगायत अन्य सुविधा निर्माण हुने र सञ्चालनमा आएपछि सामूहिक सुविधाबापतको नाफा सबै लगानीकर्ताले समेत पाउने नीति लिइएको छ। व्यवसायी बाग्लेले आफ्नो स्वामित्वमा अघि बढाएको होटलमा स्वीमिङ पुल, बङ्क्वेट हल, जिम, पार्किङ, रेस्टुरालगायत चार तारे होटलको मापदण्डमा निर्माण कार्यलाई तीव्रता दिइएको जानकारी गराए। पर्सा राष्ट्रिय निकुञ्ज, फास्ट ट्र्याक तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणपछि सिमरा–अमलेखगंज–निजगढ क्षेत्रमा पर्यटकीय चहलपहल बढ्ने भएकोले १० वर्ष अघिदेखि यस क्षेत्रमा पूर्वाधार व्यवसायमा लगानी गरी भौतिक पूर्वाधार विकसित गर्ने उनको लक्ष्य छ। सिमरा, पथलैया, अमलेखगंज, निजगढमा सबै साना–ठूला होटल, रेस्टुरालगायतमा करीब १२ अर्ब लगानी भइसकेको र अबको दुई वर्षमा अमलेखगंजमा मात्रै ५ अर्बको लगानी थप्ने किसिमले योजना अघि बढेको उनको भनाइ छ।


होटल इच्छा

"अमलेखगंजमैं हात्तीसार नजीकै करीब ५ बिघा क्षेत्रफलमा ३ सय कोठासहितको सुविधा सम्पन्न होटलहरू निर्माण गर्ने लक्ष्य छ"–उनले भने–"जसमा ३० कोठासहितको मैले पनि एक बिघामा २५ करोडको लगानीमा गार्डेन सफारी रिसोर्ट स्थापना गरिरहेको छु। दुई वर्षदेखि निर्माण कार्य शुरू भएको रिसोर्ट अगामी वर्ष सञ्चालन गर्ने लक्ष्य छ।" त्यसैगरी वरपरका किसानहरूलाई होटल




(बाँकी चौथो पातामा)

## छ महीनामा वीरगंज भन्सारद्वारा एक खर्ब पाँच अर्ब राजस्व सङ्कलन

प्रस, परवानीपुर, ५ माघ/

मुलुकको प्रमुख भन्सार नाका वीरगंज भन्सारले चालू आर्थिक वर्ष २०७८–७९ को पछिल्लो छ महीनामा एक खर्ब रुपियाँभन्दा बढी राजस्व सङ्कलन गरेको छ। भन्सारले चालू आवको साउनदेखि पुससम्मको अवधिमा कुल एक खर्ब पाँच अर्ब ९० करोड रुपियाँ राजस्व सङ्कलन गरेको छ। वीरगंज भन्सार कार्यालयका भन्सार प्रशासक अरुण पोखरेलका अनुसार यो रकम गत आव २०७७–७८ को पहिलो छ महीनाभन्दा रु ३२ अर्ब बढी हो। वीरगंज भन्सारले गत आवको पुससम्म रु ७३ अर्ब ५५ करोड रुपियाँ राजस्व सङ्कलन गरेको थियो। गत वर्ष कोरोना महामारीका कारण अवरुद्ध भएको वैदेशिक व्यापार यो वर्ष ह्वात्तै बढेकोले चालू आवमा आयातसँगै


वीरगंज भन्सार। तस्वीर: फाइल/प्रतीक

राजस्व पनि बढेको उनको भनाइ छ।

चालू आवको छ महीनाका लागि वीरगंज भन्सारले एक खर्ब रुपियाँ राजस्व उठाउने लक्ष्य राखेको थियो। यो अवधिमा भन्सारले उठाएको राजस्व लक्ष्यभन्दा छ प्रतिशत बढी हो। विदेशी मुद्राको सञ्चिति घटेपछि सरकारले आयात निरुत्साहित गर्ने नीति लिएको छ। सरकारको यो नीतिको असर देखिन कम्तीमा दुई महीना लाग्ने र त्यसपछि भने राजस्वमा कमी आउने अनुमान भन्सार अधिकारीहरूको छ।

भन्सार कार्यालयले सबैभन्दा बढी मूल्य अभिवृद्धि कर उठाएको छ। ३१ अर्ब रुपियाँ मूअक उठाउने लक्ष्य लिएको भन्सारले लक्ष्यभन्दा ३२ प्रतिशत बढी ४१ अर्ब रुपियाँ सङ्कलन गरेको छ। वीरगंज भन्सारबाट भित्रिएका मालसामानबाट छ महीनामा ३८ अर्ब रुपियाँ भन्सार महसूल उठेको छ भने अन्तःशुल्कतर्फ १२ अर्ब र पेट्रोलियम पदार्थको आयातमा लगाइएको पूर्वाधार कर मात्रै करीब आठ अर्ब रुपियाँ सङ्कलन भएको भन्सारले जनाएको छ। अग्रिम आयकर १४ करोड रुपियाँ, स्वास्थ्य जोखिम कर ८३ लाख, कृषि सुधार शुल्क ७३ करोड, सडक मरम्मत तथा सुधार दस्तुर दुई अर्ब असुल गरेको छ। वस्तु निकासीबाट एक करोड रुपियाँ राजस्व आम्दानी गरेको भन्सारले भन्सारसम्बन्धी अन्य आय शीर्षकमा पाँच करोड रुपियाँ सङ्कलन गरेको तथ्याङ्क छ।

# समृद्धिका लागि निजी क्षेत्रको नेतृत्व

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**लगानीकर्तालाई हेर्ने हाम्रो सोचाइमा परिवर्तन ल्याउनु आवश्यक छ । लगानीकर्ताले नाफाको लागि व्यवसाय गर्दछ । जुन मुलुकले नाफा आर्जन गर्ने वातावरण दिन्छ र सम्मानपूर्ण व्यवहार गर्छ लगानीकर्ताहरू त्यसै मुलुकमा लगानी गर्न उत्सुक हुन्छन् ।**

कृषिप्रधान मुलुक नेपालमा कृषि वस्तुकै आयात उच्च हुने गरेको छ । जलस्रोतमा दोस्रो धनी मुलुक नेपालमा विद्युत् सहितको ऊर्जाको अभाव यथावत् छ । श्रमशक्ति सम्पन्न मुलुक भएर पनि श्रमकै निर्यात हुने गरेको छ । मुलुकको विकास र समृद्धिका लागि यो अवस्थामा आमूल परिवर्तन हुनु नै अहिलेको प्रथम आवश्यकता हो । यसका लागि तीव्र उद्योगीकरण, कृषिको आधुनिकीकरण र सेवा क्षेत्रको विस्तारका लागि सरकारले ठोस नीति तर्जुमा गरी, नतीजामूलक प्रभावकारी कार्यान्वयन गर्न सक्नुपर्दछ । यसका लागि निजी क्षेत्रको लगानी वृद्धि गर्नु अहिलेको अपरिहार्य आवश्यकता हो । नेपालमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूले उद्योग दर्तादेखि नै झन्झट बेहोर्दै आएको कटु सत्य हाम्रो सामुन्ने छ । यस्तो अवस्थामा सरकारले लगानीमैत्री वातावरण निर्माण गर्न सक्नुपर्दछ ।

पन्ध्रौं योजनाले पाँच वर्षमा कुल रु ९ हजार २४६ अर्ब लगानी गर्ने लक्ष्य लिएको छ । त्यसमध्ये ५५.६ प्रतिशत निजी, ३९ प्रतिशत सरकारी र ५.४ प्रतिशत सहकारी क्षेत्रबाट जुटाउने योजना छ । सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न कम्तीमा वार्षिक रु दुई हजार २५ अर्ब लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ । त्यसमध्ये करीब रु ७३९ अर्ब लगानी निजी क्षेत्रबाट परिचालित हुने अपेक्षा गरिएको छ । यस तथ्याङ्क अनुसार नेपालमा निजी क्षेत्रको लगानी वार्षिक कम्तीमा रु नौ सय अर्बदेखि एक हजार अर्ब हुनुपर्ने देखिन्छ । यो तथ्याङ्क हेर्दा नेपालको विकास र समृद्धिको चाहना पूरा गर्न निजी क्षेत्रको भूमिकालाई अत्यन्त महत्त्वपूर्ण स्थान दिएको देखिन्छ । यसै चाहनाको परिपूर्तिका लागि नेपाल सरकारले निजी लगानी आकर्षित गर्न निजी क्षेत्रसँग सहकार्य र साझेदारीको नीति अख्तियार गरेको छ । यसैको फलस्वरूप सरकारले ठूला निजी लगानी भित्र्याउन लगानी बोर्डजस्ता निकायसमेत स्थापना गरिसकेको छ । साथै, सरकारले उद्योग मन्त्रालय अन्तर्गत निजी लगानीकर्तालाई तीव्रगतिमा सेवा प्रदान गर्न एकल विन्दु सेवा स्थापना गरी सञ्चालनमा समेत ल्याइसकेको छ । तर सरकारका यी सकारात्मक प्रयास र अग्रसरताका बावजूद नेपालमा निजी लगानीमा वृद्धि हुन नसकेको तथ्याङ्क छ ।

नेपाल राष्ट्र बैंकले सन् २०२१ मा सार्वजनिक गरेको 'नेपालमा विदेशी प्रत्यक्ष लगानी सर्वेक्षण प्रतिवेदन २०१९ र २० अनुसार नेपालमा रु ३८ अर्ब बराबरको विदेशी लगानीको प्रतिबद्धता आएको देखिन्छ । सन् २०१९ र २०२० मा लगानीकर्ताबाट नेपालमा लगानी गर्न प्रतिबद्धता गरिएकोमध्ये झन्डै आधा अर्थात् करीब रु १९ अर्ब मात्रै भित्रिएको देखिन्छ । तर राष्ट्र बैंककै तथ्याङ्कलाई हेर्ने हो भने औसतमा प्रतिबद्धता रकममध्ये झन्डै ३० देखि ३५ प्रतिशतमात्रै भित्रिएको देखिन्छ । हुनत कोभिड–१९ सङ्क्रमणका कारण विश्वभरि नै विदेशी लगानीमा कमी आएको तथ्याङ्क अध्ययनले देखाएको छ । संयुक्त राष्ट्रसङ्घ संस्कृति, व्यापार र विकासको 'विश्व लगानी प्रतिवेदन–२०२१ प्रतिवेदन'ले कोभिड–१९ का कारण विश्वभरि विदेशी लगानीको प्रवाह सन् २०१९ को तुलनामा सन् २०२० मा करीब ३५ प्रतिशत घटेर एक हजार अर्ब अमेरिकी डलर पुगेको थियो । पछिल्लो तथ्यले भने विदेशी लगानी प्रवाहमा केही सुधार भएको देखिन्छ । उक्त विदेशी लगानीको सुधार विशेषगरी विकासशील मुलुकमा देखिन्छ । दक्षिण एशियामा सन् २०२० मा २०.९ प्रतिशत अर्थात् करीब ६९.७ अर्ब अमेरिकी डलरले विदेशी लगानी प्रवाह भएकोमा भारतमा मात्रै ६४.१ अर्ब अमेरिकी डलर प्रवाह भएको देखिन्छ । भारतमा विशेषगरी सूचना प्रविधि र पूर्वाधार परियोजना निर्माणमा व्यापक लगानी बढेको देखिन्छ । तर नेपालमा भने सोही अवधिमा करीब रु १९.६८ अर्ब बराबर मात्र विदेशी लगानी प्रवाह भएको देखिन्छ । तुलनात्मकरूपमा यो अफगानिस्तान छोडेर दक्षिण एशियामैं सबैभन्दा कम विदेशी लगानी प्रवाह भएको राशि हो ।

गत अक्टुबर र नोभेम्बरमा बेलायतको ग्लास्गोमा सम्पन्न संयुक्त राष्ट्र सङ्घ वातावरण परिवर्तन सम्मेलन (कोप) ले नेपाललगायत नवीकरणीय ऊर्जाको प्रचुर सम्भावना भएका मुलुकलाई प्रोत्साहित गरेको छ । सन् २०३० सम्म सम्पन्न मुलुकहरूले कोइला ऊर्जालाई शून्यमा झार्ने लक्ष्यसहित कोइला उद्योगको विकास तथा विस्तारमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट लगानी नगर्ने नीति अख्तियार गरेका छन् । यता हाम्रो छिमेकी मुलुक भारतले सन् २०३० सम्म ५० प्रतिशत विद्युत् आवश्यकताको परिपूर्ति नवीकरणीय ऊर्जाबाट गर्ने प्रतिबद्धता जनाएको छ । यसरी हेर्दा आगामी वर्षमा नेपालको अपार जलस्रोतको उपयोगबाट उत्पादन हुने विद्युत्को स्थायी र भरपर्दो बजार भारत हुन गइरहेको देखिन्छ । झन्डै ५५ प्रतिशत ऊर्जा कोइलाबाट परिपूर्ति गरिरहेको भारतमा नवीकरणीय ऊर्जाको माग दैनिक चुलिंदै जानुले पनि नेपालबाट उत्पादित ऊर्जाको बजार झन् बृहत् बन्दै जाने विश्वास गर्न सकिन्छ ।

नेपालमा ऊर्जा परियोजनाको अपार सम्भाव्यता भए तापनि सन् १९११ देखि मात्र शुरू भएको ऊर्जाको उत्पादन एक शताब्दीपछि पनि मुश्किलले १५०० मेगावाट पुगेको छ । व्यावसायिक उत्पादनको सम्भावना ४२ हजार मेगावाट भन्दा बढी रहेको तथ्याङ्कले देखाए पनि उत्पादनको मात्रा नगण्य हुनु निराशाजनक हो । हाम्रोजस्तै भूगोल र उत्पादित बिजुलीको एकमात्र बजार भारत रहेको भूटानले करीब १७०० मेगावाट उत्पादन गरिसकेको छ । भूटानको व्यावसायिक उत्पादनको सम्भावना करीब २३ हजार मेगावाट रहेको बताइएको छ । हामीले ऊर्जा उत्पादन गर्न नसक्नुमा केही नीतिगत, कानूनी र व्यावहारिक समस्या जिम्मेवार रहेको पाइन्छ । वास्तवमा कुनैपनि ऊर्जा परियोजना अन्य परियोजनाभन्दा बढी जटिल हुने गर्छ । किनभने यो परियोजना निर्माणमा विद्युत् गृहदेखि परियोजनाबाट उत्पादित बिजुली बजारसम्म पुऱ्याउन प्रसारण लाइनको निर्माणजस्ता विषयहरू चुनौतीपूर्ण छन् । नेपालजस्तो तीव्र शहरीकरण भइरहेको मुलुकमा स्वाभाविकरूपमा परियोजनाको लागि समयमैं जग्गाको व्यवस्थापन गर्नु अत्यन्तै चुनौतीपूर्ण हुन्छ । परियोजनाको बाँध र विद्युत्–गृह निर्माणका लागि आवश्यक जग्गा परियोजनाले व्यक्तिसँग खरीद गर्नुपर्दछ । प्रसारण लाइनका लागि पनि प्रसारण टावर संरचना निर्माण गर्दा जग्गा खरीद नै गर्नुपर्छ भने प्रसारण लाइनको राइट अफ वेमा पर्ने जग्गा प्रयोग गरेबापत् क्षतिपूर्ति दिने चलन रहिआएको छ । क्षतिपूर्तिको संयन्त्र कस्तो हुने भन्ने सम्बन्धमा कुनै कानूनी व्यवस्था छैन । राइट अफ वेको समस्याले गर्दा नेपाल विद्युत् प्राधिकरणका कैयौं परियोजना दशौं वर्षदेखि निर्माण सम्पन्न हुन नसकेको उदाहरण थुप्रै छ ।

जग्गा प्राप्त गर्नेजस्तो जटिल कार्य लगानीकर्ता वा परियोजना विकासकर्ताले गर्न सक्दैन । यस्ता कार्य सरकारी निकायले पूर्ण जिम्मेवारी लिएर गरिदिए मात्रै ऊर्जा परियोजना अघि बढ्ने देखिन्छ । यता परियोजनाले सरकारी जग्गा प्राप्त गर्न झनै जटिल प्रक्रिया बेहोर्नुपर्छ । सरकारी जग्गा भनेकै मूलतः वन क्षेत्र बुझिन्छ र यस्ता वन क्षेत्र परियोजना विकासकर्ताले लिजमा लिने गर्दछ । वन क्षेत्र प्राप्त गर्न यतिसम्म कठिन छ कि परियोजना विकासकर्ताले एउटा रूख काटेबापत् कम्तीमा २५ वटा रूख रोप्ने र हुर्काउने जिम्मेवारी लिनुपर्ने कानूनी व्यवस्था छ । तर परियोजना विकासकर्तालाई रूख रोप्ने, हुर्काउने र वन विकास गर्नुपर्ने दायित्व दिने हो भने विकासकर्ता ऊर्जाको उत्पादन गर्ने मूल उद्देश्यबाट विचलित हुन्छ । त्यसैले परियोजना विकासकर्ताले उपलब्ध गराएको जग्गामा रूख रोप्ने, हुर्काउने र वन विकास गर्ने जिम्मेवारी सरकारी निकायले नै लिनुपर्दछ । यसका साथै वातावरण संरक्षण ऐन–२०७७ र ०७८ मा वातावरणीय प्रभावको अध्ययन परियोजना विकासकर्ताको दायित्वभित्र पर्ने भनिएको छ । तर वातावरण प्रभाव अध्ययनमा प्रक्रियागत जटिलताले गर्दा अध्ययन र अध्ययन प्रतिवेदन स्वीकृत गराउन धेरै समय लाग्ने गरेको देखिन्छ । फलस्वरूप लगानीकर्ताले नेपाल सरकारबाट छिटो छरितो सेवा प्राप्त गर्न सकिरहेका छैनन् ।

अन्त्यमा, लगानीकर्तालाई हेर्ने हाम्रो सोचाइमा परिवर्तन ल्याउनु आवश्यक छ । लगानीकर्ताले नाफाको लागि व्यवसाय गर्दछ । त्यसैले जुन मुलुकले नाफा आर्जन गर्ने वातावरण बनाइदिन्छ र सम्मानपूर्वक व्यवहार गर्छ लगानीकर्ताहरू स्वाभाविकरूपमा त्यसै मुलुकमा लगानी गर्न उत्सुक हुन्छन् । विश्वमा १० ठूला हिमालमध्ये आठवटा नेपालमा छ । भगवान् गौतम बुद्ध र माता जानकी नेपालमैं जन्मेका हुन् । नेपालमा अपार जलस्रोत छ र नेपाल विश्वका दुई ठूला अर्थतन्त्रबीच अवस्थित छ । यति भनेर मात्रै लगानीकर्ता हाम्रो घरदैलोमा लगानी गर्न आउँदैन । यसका लागि उनीहरूलाई रातो कार्पेट बिछ्याएर नेपालमा लगानी गर्नका लागि खोज्दै जानुपर्छ । लगानी भित्र्याएर मात्र हाम्रो दायित्व पूरा हुन्छ भन्ने होइन, भित्रिएको लगानीलाई सहज तरीकाले परियोजना कार्यान्वयनमा परिचालन गर्ने एवं लगानीको मुनाफा लैजाने वातावरण हामीले नै लगानीकर्तालाई प्रदान गर्नुपर्ने कार्य पनि त्यति नै जरूरी हुन्छ । राजनीतिक वृत्तमा अर्थतन्त्रको दिशा र नीतिमा स्थिरता हुने हो भने नेपालमा पनि लगानी भित्र्याउन सकिन्छ र यसबाट मात्र आर्थिक क्रान्ति वा समृद्धि सम्भव छ ।

# प्रधानमन्त्री रोजगार कार्यक्रम : श्रमिकको ज्याला बढ्यो, बीमा अनिवार्य

काठमाडौं, ६ माघ/रासस

सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनामा कार्यरत श्रमिकको ज्याला बढाएको छ । पुस अन्तिम साता बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका–२०७५ संशोधन गरेसँगै श्रमिकको ज्याला बढेको हो । निर्देशिका संशोधनसँगै पारिश्रमिकमा वृद्धि र अनिवार्य बीमा कार्यान्वयनमा आउने भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव एवं प्रधानमन्त्री रोजगार कार्यक्रमका राष्ट्रिय निर्देशक डण्डुराज घिमिरेले मन्त्रिपरिषद् बैठकले निर्देशिका स्वीकृति गरेसँगै चालू आर्थिक वर्षबाटै ज्याला वृद्धिको निर्णय कार्यान्वयन हुने जानकारी दिए ।

कार्यक्रम अन्तर्गत बेरोजगारी युवालाई दिने गरिएको बेरोजगार पारिश्रमिक कम भएको भन्ने धेरै गुनासा स्थानीय तहबाट आएपछि निर्देशिका संशोधनको प्रस्ताव मन्त्रालयले मन्त्रिपरिषद् बैठकमा पठाएको थियो ।

अब मन्त्रालयले तोकेको दैनिक ज्यालादर रु ५७७ न्यूनतम र त्यसभन्दा कम नहुनेगरी स्थानीय तहको दररेटमा ८० प्रतिशत कम नहुनेगरी भुक्तानी हुनेछ । गत साउनदेखि सरकारले बढाएको न्यूनतम ज्यालादर अनुसार ज्यालादर निर्धारण गरिएको घिमिरेले बताए ।

यस अघि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सहभागी बेरोजगारी युवाले दैनिक रु ५१७ ज्याला पाउने गरेका थिए । यस अघिको तुलनामा चालू आवबाट दैनिक रु ६० ज्यालादर वृद्धि भएको छ । बेरोजगारी युवालाई दिइने ज्यालादर न्यून रहेको भन्दै केही समय अघि अर्थमन्त्री जनार्दन शर्माले दैनिक ज्यालादर रकम दोब्बर बनाउन श्रम मन्त्रालयलाई निर्देशनसमेत दिएका थिए ।

निर्देशक घिमिरेका अनुसार निर्देशिकामा सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा सम्बन्धित स्थानीय तहले निर्धारण गरेको दरमध्ये जुन बढी हुन्छ, सोही आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सरकारले गत साउनदेखि लागू हुने गरी महँगी भत्तासहित गरेर न्यूनतम पारिश्रमिक मासिक रु १५ हजार तोकेको छ । यो व्यवस्था अनुसार श्रमिकले दैनिक रु ५७७ ज्याला पाउँछन् । अघिल्लो वर्ष सरकारले न्यूनतम पारिश्रमिक रु १३ हजार ४५० मात्र तोकेको थियो ।

अमलेखगंजमा......

विकासमा लागेको र यस्तो अवसरलाई जसले बुझ्न सक्छ, उसले नै भविष्यमा माल कमाउन सक्ने सम्भावना पनि रहेको उनको तर्क छ ।

पर्सा राष्ट्रिय निकुञ्जमा अहिले हात्ती सफारी र जङ्गल सफारीमार्फत हात्ती, पाटे बाघ, चित्तल, जरायो, नीलगाई, बँदेल, चितुवा तथा विभिन्न प्रजातिका चराचुरुङ्गीलगायत जनावर तथा पशुपक्षी सहजै अवलोकन गर्न सकिन्छ । जङ्गलभन्दा नजीकैको बस्तीमा होटल तथा रिसोर्ट निर्माण तथा अमलेखगंज क्षेत्रको सौन्दर्यले प्रदेश २ लाई पर्यटकीय गन्तव्य बनाउन मदत मिल्ने भएकोले पनि उनले यस्तो परिकल्पनालाई व्यवहारमा उतार्न खोजेका छन् । सिमरामा पाँच तारे होटल इच्छा, क्लासिक इन, सिमरा इन, होटल सगुन, होटल समयक, श्रेष्ठ होलट, लामा, झापाली, निजगढमा तारा इन, होटल हेभेन, होटल राजमार्ग, पथलैयामा करीब एक दर्जन साना होटल र अमलेखगंजमा एलिफेन्ट भिलेज रिसोर्ट, कामिनी रिसोर्ट, होटल प्याराडाइज, होटल क्वीक ट्वेन्टी, रेस्टुरामा होटल जर्घा र जर्घाको छेउमा एउटा रेस्टुरा भर्खरै सञ्चालनमा आएको छ । ती दुईवटा रेस्टुरा अर्थात् खाजाघरले पनि अमलेखगंज–हेटौंडा आवतजावत गर्ने आन्तरिक तथा विदेशी पर्यटकलाई सुविधा थपेको छ । प्रायः शुक्रवार, शनिवार तथा बिदा र चाडपर्वमा तीनै रेस्टुरामा भारतीयहरूको लर्को लाग्ने गरेको छ ।

# सात निर्माण कम्पनी कालोसूचीमा

काठमाडौं, ६ माघ/रासस

सरकारले सात निर्माण कम्पनीलाई कालोसूचीमा राखेको छ । सम्झौता अनुसार निर्माण पूरा नगरेको भन्दै सार्वजनिक खरीद अनुगमन कार्यालयले आज एक सूचना जारी गर्दै कालोसूचीमा राखेको जनाएको हो ।

उक्त कार्यालयको बुधवार बसेको बैठकले आजदेखि लागू हुनेगरी ती निर्माण कम्पनीलाई सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम एक वर्षदेखि तीन वर्षसम्मका लागि कालोसूचीमा राख्ने निर्णय गरेको थियो ।

कर्णाली प्रदेशको सल्यानस्थित पूर्वाधार विकास कार्यालयको सिफारिशमा काठमाडौं, महाराजगंजस्थित आरोग्य कन्स्ट्रक्शन प्रालिलाई तीन वर्षका लागि र दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सिफारिशमा काठमाडौंकै हाँडीगाउँस्थित डाइग्नोकेस जय शम्भु जेभीलाई दुई वर्षका लागि कालोसूचीमा राखिएको हो । बालन ब्रदर्स कन्स्ट्रक्शन एन्ड सप्लायर्स र वरदान कन्सल्टेन्ट एन्ड कन्स्ट्रक्शन प्रालि, तुलसीपुर, ग्रीन टेक प्रोजेक्ट प्रालि, अनाम नगर, एसएनसी निर्माण सेवा प्रालि, बाँके र शाह निर्माण सेवा कम्पनी, रुपन्देहीलाई एक–एक वर्षका लागि कालोसूचीमा राखिएको छ । कालोसूचीमा परेका कम्पनीले कालोसूची अवधिभर सरकारी निकायको कुनै पनि खरीद तथा निर्माण कार्यमा भाग लिन पाउने छैनन् । कालोसूचीमा राख्नुभन्दा अगाडि सम्झौता भएका कार्य भने निरन्तर हुने कार्यालयले जनाएको छ ।

# शुक्रवारदेखि मौसममा सुधार हुने

काठमाडौं, ६ माघ/रासस

पश्चिमी वायुको प्रभावले देशका अधिकांश स्थानमा आंशिकदेखि सामान्य बदली रही केही हल्का वर्षा र हिमपात भइरहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।



उक्त प्रणालीको प्रभावले पहाडी भेगका थोरै स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको विभागका वरिष्ठ मौसमविद् वरुणा पौडेलले बताइन् । "सो मौसमी प्रणाली भोलिदेखि कमजोर हुँदै जाने भएकाले शुक्रवारबाट मौसममा सुधार हुनेछ," उनले भनिन् ।

भोलि देशभर आंशिकदेखि सामान्यतया बदली रही हरेक प्रदेशका केही स्थानमा हल्का वर्षा तथा देशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको बताइएको छ । विभागले आगामी २४ घण्टाको लागि चेतावनी तथा परामर्श जारी गर्दै देशको पहाडी भूभागका केही स्थानमा हल्का वर्षाका साथै देशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ । साथै देशभर चीसो अझै बढ्ने क्रममा रहेकाले यसबाट बच्न र त्यसको प्रभावबाट जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम सात दशमलव ६ डिग्री र अधिकतम तापक्रम १८ दशमलव चार डिग्री सेल्सियस रहेको छ । त्यस्तै, आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस एक दशमलव चार डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम २२ दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
| --- | --- | --- |
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**

# अन्तर्राष्ट्रिय समाचार

## रूसले युक्रेनमा आक्रमण गरे रूसका लागि विपद्

अमेरिका, ६ माघ/एएनआई

अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधवार दुई देशबीच बढ्दो तनावका बीच युक्रेनमा आक्रमण गरे रूसलाई जवाफदेह बनाइने बताएका छन् ।



अमेरिकी राष्ट्रपति जो बाइडेन । तस्वीरः फाइल/एपी

"रूसले युक्रेनमा आक्रमण गरेमा त्यसलाई जवाफदेह बनाइने छ । यदि उसले युक्रेनमा आक्रमण गर्‍यो भने यो रूसको लागि विनाशकारी हुनेछ ।" बाइडेनले भने ।

हाम्रा साझेदार र सहयोगीहरू रूस र यसको अर्थतन्त्रमा गम्भीर क्षति पुर्‍याउन तयार छन्"–अमेरिकी राष्ट्रपतिले भने ।" उनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई यस्तो आक्रमण हुँदा महत्त्वपूर्ण आर्थिक परिणाम भोग्नुपर्ने चेतावनी दिएका छन् । रूसले युक्रेनमा थप गतिविधि गरेमा मैले वाचा गरेको कडा प्रतिबन्ध लगाइने जुन कसैले कहिल्यै देखेको छैन, बाइडेनको थप चेतावनी छ ।

तर त्यो, रूसको गतिविधि र युक्रेनमा गर्ने आक्रमणको स्तरमा भर पर्ने पनि बताएका छन् ।

"मैले पहिले नै युक्रेनीहरूलाई अमेरिकी डलर ६०० मिलियनभन्दा बढी मूल्यको परिष्कृत रक्षा उपकरणहरू पठाइसकेको छु । रूसीहरूका लागि यो महँगो पर्नेछ ।

युक्रेनको सीमामा पुटिनले आफ्ना एक लाख सेना जम्मा गरिसकेको अमेरिकाको बुझाइ छ ।

"उनी के गर्न गइरहेका छन् भन्ने कुरामा म त्यति निश्चित छैन । मेरो अनुमान छ कि उनी भित्र जान्छन् । उनले केही गर्नुपर्छ"– बाइडेनले सोभियत पछिको संसारमा सान्दर्भिकता खोज्ने नेताको वर्णन गर्दै भने । "उनी चीन र पश्चिमबीचको संसारमा आफ्नो स्थान खोज्ने प्रयास गर्दैछन् ।"

राष्ट्रपति बाइडेनले आफ्नो कार्यकालको पहिलो वर्षको अवसरमा औपचारिक पत्रकार सम्मेलनमा उक्त टिप्पणी गरेका हुन् ।

**मैले गरेको काममा माफी माग्दिनँ- राष्ट्रपति बाइडेन**

अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधवार अफगानिस्तानबाट फिर्ता हुने आफ्नो निर्णयको बचाउ गर्दै आफूले गरेको कामका लागि माफी नमाग्ने बताएका छन् ।

आफ्नो कार्यकाल एक वर्ष पूरा गरेको अवसरमा बोल्दै उनले भने– "अफगानिस्तानबाट २० वर्षपछि सजिलै निस्कने कुनै उपाय थिएन । जतिसुकै गरे पनि त्यसो गर्नु सम्भव थिएन त्यसैले मैले गरेको कामका लागि म माफी माग्दिनँ ।" यद्यपि, बाइडेनले अगस्त मध्यमा तालिबानले सत्ता कब्जा गरेपछि विकसित अफगानिस्तानको सङ्कटप्रति भने सहानुभूति व्यक्त गरेका छन् ।

अफगानिस्तानको निर्णयबाट आफ्नो फिर्तीको बचाउ गर्दै बाइडेनले असफलताको लागि अघिल्लो प्रशासनलाई दोष दिएका छन् ।

"यदि हामी ननिस्केको भए हामीले धेरै बल भित्र्याउनुपर्थ्यो ... तालिबानको अक्षमताको परिणामको रूपमा के भइरहेको छ भनेर मात्र भएन, विश्वभरि जेजे भइरहेको छ हामी हरेक समस्या समाधान गर्न सक्दैनौं । र त्यसैले म यसलाई योग्यताको मुद्दाको रूपमा पनि हेर्दिनँ"– राष्ट्रपति बाइडेनले भने ।

"एउटै सरकारको अधीनमा अफगानिस्तानलाई एकीकरण गर्न कोही सक्षम हुनेछ भन्ने लाग्छ भने आफ्नो हात उठाउनुहोस् ? यो साम्राज्यहरूको चिहान भएको छ : यो एकताको लागि संवेदनशील छैन"– बाइडेनको टिप्पणी छ ।

उनले अफगानिस्तानले अमेरिकालाई पारेको आर्थिक बोझको विषय पनि उठाएका छन् । अमेरिकी सेनालाई अफगानिस्तानमा राख्न निकै खर्चिलो भएको सन्दर्भ उद्धृत गर्दै उनले शान्तिपूर्ण समाधानको कुनै सम्भावना थिएन भनी उल्लेख गरे । रासस

## ब्राजीलमा २४ घण्टामा ३३८ कोरोना सङ्क्रमितको मृत्यु

रियो डि जेनेरियो ६ माघ/सिन्हवा

ब्रजीलमा गएको २४ घण्टामा कम्तीमा पनि ३३८ जना कोरोना सङ्क्रमितको निधन भएको छ । ब्रजीलका स्वास्थ्य अधिकारीहरूले सो जानकारी दिएका हुन् । उनीहरूका अनुसार यहाँ पछिल्लो समय कोरोना भाइरसको सङ्क्रमणसँगै मृतकको सङ्ख्या पनि अघिल्लो महीनाको तुलनामा बढेको छ ।




भिला फोरमोसा श्मशानका अधिकारीहरू, जहाँ कोरोना भाइरसबाट मृत्यु भएका ब्रजीलका नागरिकहरूलाई गाडिएको छ । फोटो : एजेन्सी

यस देशमा अहिलेसम्म कोरोना भाइरसको सङ्क्रमणबाट कम्तीमा पनि ६ लाख २१ हजार ८८५ जनाको ज्यान गएको छ । ब्रजील कोरोना भाइरसका कारण ज्यान जाने विश्वकै दोस्रो ठूलो देश हो । विश्वमा कोरोनाका कारण सबैभन्दा बढी अमेरिकामा मृत्यु भएको छ ।

यसैगरी यहाँ गएको २४ घण्टामा २ लाखभन्दा बढी सङ्क्रमित भएका छन् । यहाँ अहिलेसम्म २ करोड ३४ लाखभन्दा बढी नागरिक सङ्क्रमित भएका ब्रजीलको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कमा देखाइएको छ ।

**भारतमा एकै दिन थप तीन लाख १७ हजार सङ्क्रमित**

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप तीन लाख १७ हजार ५३२ जना सङ्क्रमित थपिएका छन् । भारतमा पछिल्लो केही हप्तादेखि दैनिक सङ्क्रमितहरूको सङ्ख्यामा दिन प्रतिदिन वृद्धि हुँदै आइरहेको अधिकारीहरूले जनाएका छन् । गत २४ घण्टामा परीक्षण गरिएकामध्ये १६.४१ प्रतिशतलाई कोरोना पोजेटिभ देखिएको जनाइएको छ ।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार भारतमा अहिले पनि सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या १९ लाख २४ हजार ५१ रहेको छ । पछिल्लो २४ घण्टामा भारतमा कोरोना भाइरसबाट दुई लाख २३ हजार ९९० जना सङ्क्रमणमुक्त भएका छन् । भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त हुनेहरूको सङ्ख्या तीन करोड ५८ लाख ७ हजार २९ पुगेको छ । यहाँ कोरोना भाइरस निको हुने दर ९३.६९ प्रतिशत रहेको जनाइएको छ ।

पछिल्लो एक दिनमा ४९१ जनाको कोरोनाका कारण मृत्यु भएको छ भने अहिलेसम्म कोरोनाका कारण मृत्यु हुनेहरूको सङ्ख्या चार लाख ८७ हजार ६९३ रहेको छ । कोरोना शुरू भएदेखि हालसम्म भारतमा ७० करोड ९३ लाख भन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ । यहाँ सन् २०२१ को जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो । सो समयदेखि हालसम्म एक अर्ब ५९ करोड ६७ लाखभन्दा बढी कोरोनाविरुद्ध खोप लगाइएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कार्यनाश | वृष – वाहनकष्ट |
| मिथुन – मित्रमिलन | कर्कट – कान्तिक्षय |
| सिंह – अन्नलाभ | कन्या – खर्चवृद्धि |
| तुला – मनोरञ्जन | वृश्चिक – सफलता |
| धनु – राज्यलाभ | मकर – रोगभय |
| कुम्भ – व्यापारवृद्धि | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## मालपोत सिमराद्वारा २८ करोड बढी राजस्व सङ्कलन

प्रस, जीतपुर, ६ माघ/

मालपोत कार्यालय, सिमराले पाँच महीनामा रु २८ करोड ८८ लाख ९६ हजार राजस्व सङ्कलन गरेको मालपोत अधिकृत राजेन्द्रप्रसाद पौडेलले बताए ।

साबिक रातोमाटे, पिपरासिमरा, भवानीपुर, जीतपुर, छातापिपरा, रामपुरटोकनी, लिपनीमाल, बुनियाद, फत्तेपुर, डुमरवाना, मनहर्वा, निजगढ र इनर्वासिरा गाविसको घरजग्गा खरीद, बिक्री गरेबापत रजिस्ट्रेशन दस्तुर, पुर्जा बिक्री, सेवा शुल्क, रोक्का, पूँजीगत लाभकरलगायत गरी २८ करोड ८८ लाख ९६ हजार रुपैयाँ राजस्व सङ्कलन भएको मालपोत कार्यालय, सिमराका लेखापाल तेजेन्द्र लम्सालले बताएका छन् ।



चालू आवको २०७८/७९ को साउन–पुस छ महीनामा घरजग्गा रजिस्ट्रेशन दस्तुर रु १७ करोड ८३ लाख ३८ हजार, पुर्जा बिक्री रु २४ हजार ८ सय, सेवा शुल्क रु ६ लाख ८२ हजार, रोक्का शुल्क रु १ करोड ८३ लाख ८७ हजार, पूँजीगत लाभकर रु ९ करोड ६ लाख १३ हजार, अन्य विविध रु ८ लाख ४० हजार राजस्व सङ्कलन गरिएको लेखापाल लम्सालले बताए ।

## लोसपाको वडा कमिटी गठन

प्रस, सिम्रौनगढ, ६ माघ/

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, सिम्रौनगढ नगरपालिका–७ को बिहीवार भएको अधिवेशनले नन्दलाल सहनीको अध्यक्षतामा ५५ सदस्यीय वडा कमिटी गठन गरेको छ ।

कमिटीको वरिष्ठ उपाध्यक्ष सुबोध कुशवाहा, उपाध्यक्ष इस्लाम अन्सारी, सचिव अरुण कुशवाहा, सहसचिव विजय दास, कोषाध्यक्ष सुरेन्द्र पटेल तथा सदस्यहरूमा रामबाबू राम, डा रामबाबू कुशवाहा, अच्छेलाल राम, सुभाष कुशवाहा, सोनालाल राम, हफिज अन्सारीलगायत छन् ।


छोरा र छोरी दुवै बराबरी ।

**वीरगंज महानगरपालिका**



## कटहरिया नगरपालिका

शिक्षक छनोट समिति
कटहरिया, रौतहट
प्रदेश नं २ (नेपाल)

### शिक्षक पदपूर्तिसम्बन्धी सूचना- २०७८

(दोस्रोपटक प्रकाशित मिति २०७८/१०/०६)

यस समितिको मिति २०७८/१०/०६ को निर्णय अनुसार यस नगरपालिकाका विभिन्न सामुदायिक विद्यालयहरूमा रिक्त रहेको शिक्षक, सबै किसिमका अनुदान कोटाहरू र विद्यार्थी सङ्ख्यालगायत अन्य मापदण्डको आधारमा यस नगरपालिकाले थप गर्ने, नपुग शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्य तथा इच्छुक उम्मेदवारहरूले तोकिएको शर्तहरू पूरा गरी मिति २०७८/१०/०७ गतेदेखि सात दिनभित्र दरखास्त पेश गर्न सूचित गरिन्छ ।

**तह : माध्यमिक**

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | सङ्ख्या | दरबन्दीको किसिम |
|---|---|---|---|---|---|
| १ | ०११/२०७८/७९ | शिक्षक | अङ्ग्रेजी | १ | साधारण |
| २ | ०१३/२०७८/७९ | शिक्षक | विज्ञान | २ | शिक्षण सहयोग अनुदान |
| ३ | ०१४/२०७८/७९ | शिक्षक | अङ्ग्रेजी | १ | शिक्षण सहयोग अनुदान |
| ४ | ०१५/२०७८/७९ | शिक्षक | अङ्ग्रेजी | १ | नगरपालिकाको स्रोत |
| ५ | ०१६/२०७८/७९ | शिक्षक | गणित | १ | नगरपालिकाको स्रोत |
| ६ | ०१७/२०७८/७९ | शिक्षक | नेपाली | १ | नगरपालिकाको स्रोत |
| ७ | ०१८/२०७८/७९ | शिक्षक | सामाजिक अध्ययन | १ | नगरपालिकाको स्रोत |

**तह : निम्न माध्यमिक**

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | सङ्ख्या | दरबन्दीको किसिम |
|---|---|---|---|---|---|
| १ | ०२२/२०७८/७९ | शिक्षक | अङ्ग्रेजी | १ | शिक्षण सहयोग अनुदान |
| २ | ०२३/२०७८/७९ | शिक्षक | विज्ञान | १ | शिक्षण सहयोग अनुदान |
| ३ | ०२४/२०७८/७९ | शिक्षक | अङ्ग्रेजी | ४ | नगरपालिकाको स्रोत |
| ४ | ०२६/२०७८/७९ | शिक्षक | विज्ञान | ४ | नगरपालिकाको स्रोत |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

**(क) माध्यमिक तहको लागि**

- परीक्षा दिन चाहेको विषयको स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महीने तालीम लिएको ।
- सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा दश महीने तालीमप्राप्त गरेको ।
- शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह उत्तीर्ण गरेको भए यस प्रयोजनको लागि तालीमप्राप्त गरेको मानिनेछ । तर विज्ञान, अङ्ग्रेजी र गणित विषयमा स्नातक तह उत्तीर्ण गरी स्थायी अध्यापन अनुमतिपत्र लिएको व्यक्ति उम्मेदवार हुन सक्नेछन् ।

**(ख) निम्न माध्यमिक तह**

- परीक्षा दिन चाहेको विषयको प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महीने तालीम लिएको ।
- दुई सय पूर्णाङ्कको शिक्षा विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको भए यस प्रयोजनको लागि तालीम प्राप्त गरेको मानिनेछ ।
- कक्षा १२ को विशेष शिक्षाको परीक्षा उत्तीर्ण गरेको योग्यतालाई प्रमाणपत्र तह वा सो सरह र तालीम दुवै मानिनेछ ।

**उम्मेदवारले परीक्षाका लागि आवेदन दिन सक्ने विषय**

निम्न माध्यमिक र माध्यमिक तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वा माथिल्लो तहको शैक्षिक योग्यता वा सो सरहको अन्य शैक्षिक योग्यतामा मूल विषय फरक–फरक लिएको भए त्यसमध्ये कुनै एक मूल विषयमा दरखास्त दिन पाइनेछ ।

**उम्मेदवारको उमेर हद :** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

**परीक्षाको किसिम :** (क) लिखित परीक्षा (सामान्य र विषयगत)
(ख) अन्तर्वार्ता

**सामान्य परीक्षा मिति :** (क) प्राथमिक तह २०७८/१०/१६ (बिहान ११:०० देखि १२:०० सम्म)
(ख) विद्यालय सहायक कर्मचारी २०७८/१०/१७ (बिहान ११:०० देखि १२:०० सम्म)
(ग) विद्यालय सहयोगी २०७८/१०/१७ (बिहान ११:०० देखि १२:०० सम्म)
(घ) बालविकास सहयोगी कार्यकर्ता २०७८/१०/१८ (बिहान ११:०० देखि १२:०० सम्म)

**नोट : माध्यमिक र निम्न माध्यमिकको सामान्य परीक्षाको मिति सम्पर्क मितिको दिन जानकारी दिइनेछ ।**

**परीक्षा केन्द्र :** पछि प्रकाशित गरिनेछ ।

**परीक्षा दस्तुर :** – माध्यमिक तहको लागि रु १०००/–
– निम्न माध्यमिक तहको लागि रु ७००/–

**दरखास्त दिने स्थान :** कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**दरखास्त दिने अन्तिम मिति :** २०७८ माघ १३ गतेसम्म

**सम्पर्क मिति :** २०७८/१०/१४ (कार्यालय समयभित्र)

**लिखित परीक्षा हुने मिति :** पछि प्रकाशित गरिनेछ ।

**अन्तर्वार्ता :** लिखित परीक्षाको नतीजा प्रकाशनसँगै मिति, समय र स्थान तोकिनेछ ।

**दरखास्त फारामसाथ अनिवार्यरूपमा पेश गर्नुपर्ने कागजातहरू**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित तहको शैक्षिक योग्यता र तालीमका प्रमाणपत्रहरूको प्रतिलिपि
- सम्बन्धित तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपि

**दरखास्त फारामसाथ संलग्न कागजातहरू उम्मेदवार स्वयंले प्रमाणित गरेको हुनुपर्नेछ ।**

**विज्ञापनसम्बन्धी थप जानकारी :**

- सामान्य परीक्षामा उत्तीर्ण भएको उम्मेदवारलाई मात्र लिखित परीक्षाको विषयगत परीक्षामा सम्मिलित गराइनेछ ।
- आवेदन दिन सक्ने अवधिभित्र कटहरिया नगर कार्यपालिकाबाट निर्णय भई आएमा पद थपघट हुन सक्नेछ ।
- उपरोक्त सबै किसिमका शिक्षकको हकमा शिक्षक सेवा आयोगबाट निर्धारित पाठ्यक्रम लागू हुनेछ ।

**बोधार्थ : श्री आईटी शाखा (वेबसाइटमा सूचना प्रकाशित गरिदिनुहुन)** **प्रमुख प्रशासकीय अधिकृत**

# नेविसङ्घद्वारा आन्दोलनको घोषणा

प्रस, वीरगंज, ६ माघ/

नेपाल विद्यार्थी सङ्घ ठाराब क्याम्पस एकाइ समितिले बिहीवार पत्रकार सम्मेलन गरेर हरि खेतान बहुमुखी क्याम्पसको विषयलाई लिएर ६ दिने आन्दोलन घोषणा गरेको छ।



तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा एकाइ समिति सभापति मनोजकुमार साहले माघ २ गते क्याम्पस प्रमुखलाई सात सूत्रीय मागसहितको ज्ञापनपत्र बुझाएको तर सो अवधिसम्म माग सम्बोधन नगरिएको हुँदा आन्दोलन घोषणा गर्नुपरेको बताए। उनले माघ ७ गतेदेखि १२ गतेसम्म आन्दोलन घोषणा गर्दै १३ गते शिक्षामन्त्रीलाई ज्ञापनपत्र दिने बताए। माघ ७ गते हरि खेतानको गेटमा एक घण्टा धर्ना, ९ गते क्याम्पस सञ्चालक समितिलाई ज्ञापन दिई छलफल गर्ने, १० गते राजनीतिक दलका अध्यक्षहरूलाई ज्ञापनपत्र दिने, ११ गते घण्टाघरमा हस्ताक्षर अभियान, १२ गते प्रधानमन्त्री, शिक्षामन्त्री र प्रमुख जिल्ला अधिकारीलाई एसएमएस पठाउने र १३ गते शिक्षामन्त्रीलाई प्रत्यक्ष भेटेर ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको बताएका छन्।

क्याम्पस प्रमुख डा भगवानप्रसाद यादवले हरि खेतान क्याम्पसविरुद्ध सुनियोजित षड्यन्त्र रचिएको आरोप लगाए। उनले ठाकुर राम बहुमुखी क्याम्पस नेविसङ्घ एकाइले हरि खेतानको समस्या दर्शाएर रँडाको मच्चाउनुको कुनै कारण नभएको बताए। उनले सो संस्थाले आफ्नो क्याम्पसको जिम्मेवारी वहन गर्नुपर्ने बताउँदै हरि खेतानमाथि ठाडो हस्तक्षेप भइरहेको बताए। हरि खेतानको समस्याबारे यहाँका विद्यार्थी, अभिभावक, कर्मचारीहरूले कुरा उठान गर्नुपर्ने र त्यस्तो नभएको भन्दै प्रायोजित तरीकाबाट क्याम्पसलाई बदनाम गराउने षड्यन्त्रको तानाबुना बुनिएको उनले बताए।

# सयजना किसानलाई राहत वितरण

प्रस, पोखरिया, ६ माघ/

बाढीपीडित पर्सेली किसानलाई टेनिअपिलको सहयोगमा मान्डवी, गौरले बिहीवार राहत वितरण गरेको छ।




तस्वीरः प्रतीक

पर्सा जिल्ला विन्ध्यवासिनी गाउँपालिका–४ अमरपट्टिका सयजना किसानलाई राहत वितरण गरिएको माण्डवी, गौरकी अध्यक्ष अञ्जु झाले बताइन्। बाढी प्रभावित प्रतिकिसानलाई २५ किलो चामल, तीन किलो दाल, दुई/दुई किलो चिउरा, नून, चिनी, तेल, एक किलो सोयाबिन, एक प्याकेट तरकारीको बीउ, २० किलो प्राङ्गारिक मल, दुई प्याकेट सेनिटरी प्याड राहत वितरण गरिएको अध्यक्ष झाले बताइन्। वडाध्यक्ष अनुज चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा मान्डवी, गौरका संयोजक अरविन्द चौधरी, कार्यक्रम अधिकृत राजु साहलगायतको सहभागिता थियो

# रक्सौलमा रात्रिकालीन कर्फ्यू अवधि बढ्यो

प्रस, रक्सौल, ६ माघ/

रक्सौलमा रात्रिकालीन कर्फ्यूले निरन्तरता पाएको छ।

कोरोना भेरियन्ट ओमिक्रोनको सङ्क्रमण फैलिरहेका कारण जनवरी ६ देखि २१ तारिखसम्म राति १० देखि बिहान ५ बजेसम्म लगाइएको कर्फ्यूलाई निरन्तरता दिंदै फेब्रुअरी ६ सम्म पुऱ्याइएको छ।

बिहार सरकारको विपत् व्यवस्थापन समितिको बैठकले यो निर्णय गरेको हो।

बिहारमा आपत्कालीन सेवाका पसलहरूबाहेक राति ८ बजेसम्म मात्र अन्य पसलहरू खुला गर्न यसअघिको निर्णयले पनि निरन्तरता पाएको छ। यसैगरी, पूर्ववत् निर्णय अनुसार अन्तिम संस्कारमा बीसजनाभन्दा बढी मानिस सहभागी हुन नपाउने, सपिङ मलहरू पूर्णरूपमा बन्द गर्नुपर्ने, मन्दिरमा पुजारीले मात्र पूजा गर्ने, सिनेमाहल, जिम, पार्क, क्लब बन्द गर्ने, कक्षा ८ सम्म अनलाइन र कक्षा ९ देखि १२ सम्म कुल सङ्ख्याको आधा विद्यार्थी सङ्ख्याको उपस्थितिमा सञ्चालन गर्नुपर्ने निर्णय यथावत् छ।

रेस्टुरेन्ट र ढाबा पनि पचास प्रतिशत मात्र खुल्ने तथा विवाहमा पचासजनाभन्दा बढी मानिसको सहभागिता वर्जित गरिएको छ। सरकारी एवं गैरसरकारी कार्यालयहरू पनि आधा कर्मचारीको उपस्थितिमा खुल्ने र बाहिरी व्यक्तिलाई कार्यालयमा प्रवेश निषेध गरिएको छ। सार्वजनिक कार्यक्रममा पचासजनाभन्दा बढीको सहभागिता गर्न नपाउने निर्णय गरिएको छ।






# खेलकूदको संसार

## महिला हक्की : सेना र गण्डकी सेमिफाइनलमा

प्रस, वीरगंज, ६ माघ/

वीरगंजको आदर्शनगर खेल मैदानमा जारी चौथो सहाना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिताको क्वाटरफाइनल चरणको खेलमा बिहीवार आफ्ना प्रतिद्वन्द्वीलाई पराजित गर्दै नेपाली सेना र गण्डकी प्रदेश सेमिफाइनलमा प्रवेश गरेका छन्। आज भएको पहिलो खेलमा नेपाली सेनाले प्रदेश १ लाई शून्यका विरुद्ध सात गोलअन्तरले पराजित गर्दै सेमिफाइनलको यात्रा सुरक्षित गरेको छ। नेपाली सेनाकी कमला चन्दले चार, नीलिमा पाण्डेले दुई र सीतामगर बमले एक गोल गरेका थिए। पहिलो खेलको 'वुमन अफ दी म्याच' अञ्जना चन्द ठकुरी घोषित भइन्।

त्यसैगरी, आज सम्पन्न दोस्रो क्वाटरफाइनल खेलमा गण्डकी प्रदेशले लुम्बिनीलाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गर्दै सेमिफाइनलको यात्रा तय गरेको छ।

गण्डकी प्रदेशकी कमलादेवी घर्ती पुनले खेलको सातौं मिनेटमा पहिलो गोल गरेकी थिइन् भने त्यसको दुई मिनेटको फरकमा गण्डकीकै नानु गुरुङले अर्को गोल गरेकी थिइन्। यो खेलको 'वुमन अफ दी म्याच' सोविन पुन राना घोषित भइन्। शुक्रवारदेखि सेमिफाइनल खेल शुरू हुने आयोजक सानो पाइलाले जनाएको छ। शुक्रवार पहिलो सेमिफाइनल नेपाली सेना र गण्डकी प्रदेशबीच तथा भोलि नै दोस्रो सेमिफाइनल खेल सुदूरपश्चिम र मधेस प्रदेशबीच हुने आयोजक सानो पाइलाले बताएको छ।

## विश्वकपका लागि खेलाडी छनोट

काठमाडौं, ६ माघ/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले आइसिसी पुरुष टी–ट्वान्टी विश्वकपको ग्लोबल छनोटका लागि नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीको घोषणा गरेको छ।

क्यानले बन्द प्रशिक्षणमा रहेका ३० खेलाडीबाट अन्तिम १६ सदस्यीय टोली छनोट गरेको हो। छनोटमा युवा ब्याट्सम्यान लोकेश बम र विवेक यादव पहिलोपटक राष्ट्रिय टोलीमा परेका छन्। यस्तै शरद भेषवाकर, प्रदीप ऐरी र जीतेन्द्र मुखियाले राष्ट्रिय टिममा पुनरागमन गरेका छन्। विनोद भण्डारी र सोमपाल कामी भने टोलीमा परेका छैनन्।

विश्वकप छनोटको समूह 'ए' अन्तर्गतको ग्लोबल छनोट फेब्रुअरी १७ देखि २४ तारिखसम्म ओमानमा आयोजना हुँदैछ। उक्त छनोटमा आयोजक ओमानसहित नेपाल, फिलिपिन्स, क्यानडा, संयुक्त अरब इमिरेट्स (युएई), बहराइन, आयरल्यान्ड र जर्मनी रहेका छन्। यस समूहबाट शीर्ष दुई टोली यसै वर्ष अस्ट्रेलियामा हुने विश्वकपका लागि छनोट हुनेछन्। नेपाली टोलीमा सन्दीप लामिछाने (कप्तान), कुशल भुर्तेल, आशिफ शेख, दीपेन्द्रसिंह ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेषवाकर, आरिफ शेख, करण केसी, जीतेन्द्र मुखिया, अविनाश बोहरा, शाहब आलम, कमलसिंह ऐरी, कुशल मल्ल, विवेक यादव, लोकेश बम र प्रदीप ऐरी छन्।

# महिला स्वास्थ्य स्वयंसेविकालाई निशुल्क मोबाइल

प्रस, गरुडा, ६ माघ/

आधुनिक सञ्चार तथा प्रविधिसित जोड्न महिला स्वास्थ्य स्वयंसेविकालाई रौतहटको मौलापुर नगरपालिकाले निशुल्क मोबाइल सेट प्रदान गरेको छ।



तस्वीरः प्रतीक

नगरका सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गर्दै ४५ जनालाई स्मार्ट मोबाइल फोन सेट प्रदान गरिएको नगरप्रमुख रीनाकुमारी साहले जानकारी गराएकी छन्। नगरपालिका क्षेत्रभित्र निस्स्वार्थरूपमा क्रियाशील महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मान गर्दै प्रोत्साहनको लागि स्मार्ट मोबाइल फोन सेट उपलब्ध गराएको नगरप्रमुख साहको भनाइ छ।

गत हप्ता कक्षा १२ मा अध्ययनरत मौलापुरका छात्राहरूलाई नगरपालिकाले ७० थान ल्यापटप प्रदान गरेको थियो।

स्मार्ट मोबाइल फोन सेटले महिला स्वास्थ्य स्वयंसेविकाको आत्मसम्मानमा पनि वृद्धि हुने विश्वास आफूले लिएको नगरप्रमुख साहको भनाइ छ।

**पचास प्रतिशत......**

थपिएका थिए।

योसँगै प्रदेशमा सक्रिय सङ्क्रमित सङ्ख्या करीब ८९० पुगेको छ। सङ्क्रमितमध्ये तीनजनाको पर्सा जिल्ला अस्पतालको आइसियुमा र दुईजनाको सिरहा अस्पतालमा उपचार भइरहेको तथा बाँकी सङ्क्रमित एकान्तवासमा रहेको निर्देशक झाले बताए। पछिल्लो तीन दिनमा कोरोना सङ्क्रमणका कारण धनुषा र सप्तरीमा एक–एकजना महिलाको मृत्यु भएको थियो।

यस्तै कोरोना महामारी शुरू भएयता यस प्रदेशमा कोरोना सङ्क्रमणबाट हालसम्म ३९ हजार ५६८ सङ्क्रमित हुँदा उपचारपश्चात् ३७ हजार ६३६ घर फर्केका छन् भने एक हजार ४२ को मृत्यु भएको निर्देशनालयको तथ्याङ्कले देखाएको छ। कोरोना सङ्क्रमणको ग्राफ पहिलो र दोस्रो लहरझैं बढ्दै गए पनि सङ्क्रमितमा अघिल्लो सङ्क्रमणको जस्तो स्वास्थ्य जटिलता भने नदेखिएको चिकित्सकले बताएका छन्।

"मङ्सिरको अन्तिमदेखि पुसको दोस्रो सातासम्म कोरोना सङ्क्रमण दर स्थिर थियो"–राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालका डा रञ्जितकुमार झाले भने–"तर पछिल्लो केही सातादेखि दैनिक कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ, यो खतराको सङ्केत हो। तर अहिलेसम्म धेरैमा त्यस्तो जटिलता देखिएको छैन। स्वास्थ्य मापदण्ड पालना नगरेमा कोरोना सङ्क्रमण अझै फैलिन सक्ने तथा ठूलै समस्या उत्पन्न हुन सक्ने सम्भावना छ।"

"एकातिर छिमेकी मुलुक भारतमा तीव्रगतिमा कोरोना सङ्क्रमितको सङ्ख्या बढिरहेको छ भने अर्कोतर्फ उताबाट दैनिक सयौंको सङ्ख्यामा नेपालीहरू घर फर्किरहेकाले कोरोना सङ्क्रमण भयावह हुन सक्छ"–डा झाले भने–"यस्तो दयनीय अवस्था आउन नदिन जिल्ला कोभिड–१९ सङ्कट व्यवस्थापन समितिले नाकामा निगरानी र स्वास्थ्य परीक्षणमा कडाइ गर्नु जरूरी छ।"

साथै सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गराउन र खोपलाई तीव्रता दिनु आवश्यक छ। यता कोरोनाको तेस्रो लहर आउन सक्ने जोखिमलाई दृष्टिगत गरी धनुषा जिल्ला कोभिड–१९ सङ्कट व्यवस्थापन समितिले स्वास्थ्य सतर्कतामा कडाइ गर्ने निर्णय गरेको छ।

भारतीय सीमासँगै जोडिएको सीमानाकामा हेल्थ डेक्स स्थापना गरी एन्टिजेन विधिबाट स्वास्थ्य जाँच गर्न निगरानी बढाइएको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बताए।

जिल्लाको जनकनन्दनी गाउँपालिकाको इनर्वा, खजुरी गाउँपालिकाको महुवास्थित भारतीय सीमानाकामा हेल्थ डेक्स स्थापना गरिसकेको र नगराइ गाउँपालिकाको जटहीमा हेल्थ डेक्स स्थापना गर्ने तयारी भइरहेको उनले बताए।

यसबाहेक अग्रपङ्क्तिमा रहेर काम गरिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीलगायतलाई बुस्टर डोज खोप लगाउने तयारी भइरहेको जानकारी दिंदै प्रजिअ पौडेलले माघ ७ गतेदेखि खोप कार्ड अनिवार्य लागू गराउन जिल्लास्थित सबै निकायलाई पत्राचार गरिसकेको जानकारी दिए।

मधेस प्रदेशमा कोरोना सङ्क्रमितको उपचारका लागि १५ शय्या, अस्पतालमा ३४६ आइसोलेशन शय्या, १९२ एडियु शय्या, ९१ आइसियु शय्या, ६३ भेन्टिलेटर छन् भने एक हजार ९६५ थान अक्सिजन सिलिन्डर मौज्दात रहेको निर्देशनालयले जनाएको छ। यस्तै प्रदेशभर १२ वटा पिसिआर परीक्षण उपकरणबाट कोभिड–१९ जाँच हुँदै आएको जनाइएको छ।

वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, विक्रेता र सेवाप्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावली बमोजिम कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड